वर्ष : २१, अंक : १४, काठमाडौं, २०८२ साउन ३० गते शुक्रबार, 15 August, 2025, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://x.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

## जसपा र रामुपाबीच एकता उन्मुख कार्यगत एकता घोषणा



काठमाडौं । राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति पार्टी नेपाल र अशोक राई नेतृत्वको जनता समाजवादी पार्टीबीच एकता उन्मुख कार्यगत एकता घोषणा भएको छ । बिहीबार काठमाडौंमा घोषणासभामा सम्बोधन गर्दै रामुपाका अध्यक्ष एवं पूर्वउपप्रधानमन्त्री राजेन्द्र महतोले एकल नश्लीय शासन प्रवृत्तिका कारण लोकतान्त्रिक व्यवस्था सबै नागरिकको बन्न नसकेको टिप्पणी गरेका छन् । उनले यस्तो टिप्पणी गरेका हुन्। उनले लोकतन्त्र स्थापन भएको ३५ वर्ष पुग्दा समेत नागरिकले आफ्नो अधिकार पाउन नसकेको बताए । अध्यक्ष महतोले लोकतन्त्रमा समेत शासनको चरित्र एकल नश्लीय हुँदा जनताले अधिकारको प्रत्याभूति गर्न नसकेको टिप्पणी गरे । उनले अहिलेका शिर्ष तीन नेताहरू शेरबहादुर देउवा, केपी शर्मा ओली र पुष्पकमल दाहालमा समेत एकल नश्लीय शासन प्रवृत्ति हाबी भएको आरोप लगाए । उनले मुलुकमा लामो समयदेखि उत्पिडन व्याप्त रहेको भन्दै मुलुकले क्रान्ति खोजिरहेको टिप्पणी गरे । उनले सातवटा संविधान निर्माण हुँदापनि एउटै संविधान जनाताको बन्न नसकेको टिप्पणी गरे ।

## नेपाल सद्भावना पार्टी पुनर्गठन

काठमाडौं । लोकतान्त्रिक समाजवादी पार्टी नेपाल परित्याग गरेका अनिल झाले आफ्नै नेतृत्वमा नेपाल सद्भावना पार्टी पुनर्गठन गरेका छन् । बिहीबार काठमाडौंस्थित एक होटलमा पत्रकार सम्मेलन आयोजना गरी नेसपा पुनर्गठन गरेको जानकारी दिएका छन् । निर्वाचन आयोगको आफूलाई मान्यतासमेत दिइसकेको बताउँदै उनले पार्टीभित्र रहेका केही असन्तुष्ट नेताहरुलाई पनि समाहित गर्ने बताए । गत वर्ष नेसपाको जनकपुरधाम र वीरगन्जमा एकै दिन महाधिवेशन भएको थियो । निर्वाचन आयोगले जनकपुरधाममा भएको महाधिवेशनलाई मान्यता दिएको थियो ।



पत्रकार सम्मेलनमा उनले प्रतिबद्धताहरुसमेत सार्वजनिक गरेका थिए । महिला, दलित, मुस्लिम, पिछडावर्ग सहित पहाड तथा तराईका अल्पसंख्यक आफ्नै देशभित्र सदियौंदेखि दमन, उत्पीडन, अन्याय, अत्याचारमा परेको भन्दै उनीहरूको सम्मानपूर्ण नागरिक हक, पहिचान, पहुँच, प्रतिनिधित्व, प्राकृतिक स्रोत एवं राजस्वको बाँडफाँटमा समान अधिकारका लागि संघर्षरत रहने प्रतिबद्धता पनि नेपाल सद्भावना पार्टीले व्यक्त गरेको छ । 'एकीकृत नेपालभित्र समृद्ध मधेश र अधिकार सम्पन्न मधेसी समुदाय' भन्ने पार्टीको स्थापित सैद्धान्तिक मान्यताका लागि संघर्षरत रहने प्रतिबद्धता पनि सो पार्टीले जनाएको छ ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणालीको माध्यमबाट राजनीतिक, आर्थिक, सामाजिक, भाषिक सांस्कृतिक, लैंगिक, क्षेत्रीय, जातीय एवं सामुदायिक विभेद अन्त्य एवं प्रत्येक नागरिकको वैयक्तिक स्वतन्त्रताको प्रत्याभूतिका लागि संघर्षरत रहने प्रतिबद्धता समेत नेपाल सद्भावना पार्टीले जनाएको छ । व्यावहारिक प्रतिबद्धता अन्तर्गत मधेशमा खानेपानी संकटको दीर्घकालीन समाधान, मधेसको उर्वर माटोको क्षयीकरण रोक्न, उन्नत कृषि प्रणाली स्थापना, स्वरोजगार प्रवर्द्धनका समाधानमुखी प्रयासमा ध्यानाकर्षण गराएको छ । 'यो पार्टी आफ्नो ऐतिहासिक आदर्श र सिद्धान्तप्रति अडिग रहँदै लोकतन्त्र र समानताको पक्षमा निरन्तर संघर्षरत रहनेछ,' पत्रकार सम्मेलनमा वितरण गरिएको विज्ञप्तिमा उल्लेख छ ।

## उच्च अदालतका न्यायाधीश नियुक्तिप्रति तमलोपाको विरोध



जनकपुरधाम । न्याय परिषदबाट उच्च अदालतका न्यायाधीशहरु नियुक्ति संविधानमा दिइएको सामाजिक न्याय र समावेशिताको प्रत्याभूतिको प्रतिकूल भएको ठहर गर्दै तराई-मधेश लोकतान्त्रिक पार्टीले विरोध गरेको छ । तमलोपाका अध्यक्ष वृषेश चन्द्र लालद्वारा प्रकाशित विज्ञप्तिमा उच्च अदालतहरुका लागि न्यायाधीशहरुको नियुक्ति र सिफारिश सम्बन्धी न्याय परिषदद्वारा २०८२ साओन २२ गते भएको निर्णयले अवाक् र दुखी भएको भन्दै न्याय परिषदको निर्णयले संविधानको धारा १८ को समानताको हक तथा धारा ४२ मा उल्लेखित सामाजिक न्याय र समावेशी सिद्धान्तको आधारमा राज्यको निकायमा सहभागी हुन पाउने अधिकारको ठाडो उल्लंघन भएको भनिएको छ ।

विज्यप्तिमा आगाडि भनिएको छ, "संविधानको संवैधानिक प्रावधानहरुको व्याख्या गर्ने जिम्मेवारी तोकिएको सर्वोच्च अदालत एवं संवैधानिक इजलासको प्रमुख प्रधान न्यायाधीशको अध्यक्षतामा रहेको न्याय परिषदबाट यस किसिमको निर्णय झन आश्चर्य र नरमाइलोलाग्दो छ । यसले सबैको लागि समान न्याय र न्याय निरुपणमा समावेशी व्यवस्थाको मान्य सिद्धान्तको परिपालनामा प्रतिकूल प्रभाव सृजित गर्दछ ।"

तराई-मधेश लोकतान्त्रिक पार्टीले संवैधानिक व्यवस्था र सामाजिक न्यायको प्रतिकूलको यस्तो निर्णयमाथि पुनर्विचार गरी समावेशिताको अधिकारको प्रत्याभूतिको मानक स्थिति सृजना गर्न सम्बन्धित सबैसंग अपील गरेको छ ।

## 'दक्षिण एसियामा हुने आतंकवादी गतिविधि न्यूनीकरण गर्न भारतले अगुवाई गर्नुपर्छ'

काठमाडौं । नेपाल-भारत विकास मञ्चले काठमाडौंमा 'दक्षिण एसियामा आतंकवादको अवस्था र दीर्घकालीन समाधान' विषयक विचार गोष्ठी सम्पन्न भएको छ । आइतबार काठमाडौंको बतिसपुतलीस्थित होटल तपसमा भएको सो विचार गोष्ठीमा विभिन्न राजनीति दलका शीर्ष नेताहरुले आआफ्नो धारणा राखेका थिए ।




विचार गोष्ठीमा पूर्वपरराष्ट्रमन्त्री एवं जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले आतंकवादी गतिविधि न्यून गर्न भारतले अगुवाइ गर्नुपर्ने बताएका छन् । यादवले आतंकवादी गतिविधिलाई कुनै पनि वादसँग जोडेर हेर्न नहुने समेत जिकिर हुन् ।

आतंकवादी गतिविधि राष्ट्रवाद, धर्म वा पृथकतावादी आन्दोलनका नाममा जन्मिए पनि यसको स्वरूप सदैव अमानवीय र मानव विरोधी भएको अध्यक्ष यादवले बताए । "दक्षिण एसियामा कुनै पनि देश आतङ्कवादबाट अछुतो छैन, तर पाकिस्तान र अफगानिस्तानमा यसको प्रभाव धेरै छ। भुटान, भारत र बङ्गलादेशमा पनि यसको गतिविधि देखिन्छ," उनले भने ।

यस्तै, सो कार्यक्रममा पूर्वउपप्रधानमन्त्री एवं राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतोले आतंकवादलाई जन्मन दिनु नहुने भन्दै आफ्नो अधिकारको लागि शान्तिपूर्ण आन्दोलन गर्दा राज्यले बन्दुक चलाएको उदाहरणहरू रहेको भन्दै आतंक सिर्जना गरिएको प्रमाण भएको बताए । दक्षिण एसिया क्षेत्र भनेको आतङ्कवादी उत्पादन गर्ने क्षेत्र भएको उल्लेख गर्दै नेपालमा कुनै पनि प्रकारका आतंक हुन नहुने बताए ।

नेपाल–भारतबिचको जनस्तरको सम्बन्ध कुनै व्यक्ति र राज्यले बनाएको सम्बन्ध नभएको पनि बताए । उनले भने, 'आतङ्कवादलाई जन्मन दिनु हुँदैन ।

बाँकी अन्तिम पृष्ठमा

## जनता जुनैबेला विद्रोहमा उत्रिन सक्छन् : उपेन्द्र यादव

राजविराज । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले वर्तमान सरकारको भ्रस्ट रवैयाप्रति जनतामा व्यापक निराशा र आक्रोश रहेकोले देशमा जुनैबेला जनताले विद्रोह गर्न सक्ने खतरा बढेको बताएका छन्।

जसपा नेपाल सप्तरीको नवनिर्वाचित जिल्ला कार्यसमितिको शपथ-ग्रहण तथा पदभार कार्यक्रमलाई बुधबार सम्बोधन गर्दै उनले सरकारको भ्रस्ट र नस्लीय चरित्रले अक्रान्त भैसकेका जनताले यो सरकारको विकल्प खोजिरहेको बताएका हुन् ।



देशमा भ्रष्टाचार, कुशासन एवम् विभेद चरम सिमामा पुगिसको आरोप लगाउँदै अध्यक्ष यादवले भने- 'वर्तमान सरकारले एकल जातीय वर्चस्व कायम गरी तानाशाह बन्न खोजेको छ, जनतामा सरकारप्रति व्यापक निराशा र आक्रोश छ, त्यसैले कुनै पनि बेला विद्रोह हुनसक्छ ।'

संसारमै अविकशित एवम् पछाडि परेको तथा वैदेशिक ऋण लिने राष्ट्रको सूचीमा रहेको आरोप लगाउँदै उनले देश उल्टो गतितर्फ ओरालो लागेको बताए । लोकतन्त्रमा जनसंख्याको आधारमा प्रतिनिधित्व र बजेट विनियोजन हुनुपर्नेमा जोड दिँदै राष्ट्रियसभा मात्र ६ जना मधेशको प्रतिनिधित्व रहेको चर्चा गरे । उनले भने 'रणनीति तहत मधेशलाई टुक्राटुक्रामा विभाजन गरेको गरेको छ, जबकि स्वायत्त मधेशको कुरा संविधानमै लेखिएको छ ।'

परिवर्तनका लागि सङ्घर्ष आवश्यक रहेकोले अध्यक्ष यादवले पार्टीका नेता तथा कार्यकर्ताहरुलाई पार्टी निर्माण, मजबुत र सङ्गठन सदृढिकरण गर्न तथा

बाँकी अन्तिम पृष्ठमा

## कैलाली कारागार घटनाप्रति दु:ख व्यक्त गर्दै रामुपाले माग्यो गृहमन्त्रीको राजीनामा

काठमाडौं । गत शुक्रबार राति कैलाली कारागारभित्र कैदीबन्दीहरुको दुई समूहबीच भएको हिंसात्मक झडपमा एक जनाको मृत्यु भएको घटनाप्रति दु:ख व्यक्त गर्दै राष्ट्रिय मुक्ति पार्टी नेपालले गृहमन्त्रीको राजीनामा मागेको छ ।

सो हिंसात्मक झडपमा भरत चौधरीको मृत्यु र ४८ जना कैदीबन्दी घाइते भएका छन् । कारागार प्रशासनको गम्भीर सुरक्षा लापरवाही र राज्यको उदासीनताले एउटा जीवन समयअगावै समाप्त भएको रामुपाको ठहर छ ।

रामुपाका प्रवक्ता रवीन्द्र कुमार श्रेष्ठले प्रेस विज्ञप्ति जारी गरी राज्यको सुरक्षा नियन्त्रण भित्र यसरी मृत्यु हुनु सामान्य घटना रहेको भन्दै सुरक्षा संयन्त्रको नियन्त्रणमा पनि नागरिक सुरक्षित नहुने अवस्था गृह प्रशासनको चरम



लापरवाहीको रुपमा लिएका जनाएका छन् ।

प्रवक्ता श्रेष्ठले विज्ञप्तिमा भनेका छन्, 'हामी यो घटनालाई केवल "अचानक भएको झडप" भनेर लुकाउन खोज्ने प्रयासलाई अस्वीकार गर्छौं । ५९० भन्दा बढी कैदीबन्दीको हस्ताक्षरसहित कारागारभित्रको सुरक्षा अभाव र तनावबारे राज्य पक्षलाई अग्रिम जानकारी दिइएको थियो, तर आवश्यक सतर्कता, व्यवस्थापन र सुरक्षाको कदम चालिएन।यसको सम्पूर्ण जिमेवारी गृह प्रशासनले लिनुपर्नेछ । उपरोक्त घटना स्पष्ट प्रमाण हो, कि यो केवल दुर्भाग्य होइन, बरु गम्भीर लापरवाही र संवेदनहीनताको परिणाम हो ।'

राष्ट्रिय मुक्ति पार्टी नेपाल यस घटनाप्रति आफ्नो गहिरो शोक, आक्रोश र संवेदना व्यक्त गर्दै:

- तत्काल स्वतन्त्र तथा निष्पक्ष छानबिन आयोग गठन गरी घटनाका सम्पूर्ण कारण, पृष्ठभूमि र दोषीहरूको पहिचान गरियोस् ।
- दोषीलाई कुनै राजनीतिक या प्रशासनिक संरक्षण बिना कानूनी कारबाहीको दायरामा ल्याइयोस् ।
- घाइते कैदीबन्दीहरूको तत्काल उपचार, पुन:स्थापना र स्वास्थ्य सुरक्षा सुनिश्चित गरियोस् ।
- देशभरका कारागारहरूमा सुरक्षा, स्वास्थ्य र मानवअधिकार मापदण्डअनुसारको सुधार तत्काल सुरु गरियोस् ।
- मृतक भरत चौधरीका परिवारलाई उचित राहत र दीर्घकालीन न्यायको पूर्ण सुनिश्चितता गरियोस् ।
- सुरक्षा संयन्त्र गम्भीर रुपले असफल भएकोले गृह प्रशासनको प्रमुखको हैसियतले सम्पूर्ण घटनाको जिम्मा लिदै नैतिकताको आधारमा गृहमन्त्रीले राजीनामा गरियोस् ।

मृत आत्माप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै रामुपाले शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गरेको छ । साथै नागरिकको सुरक्षा एवं न्याय प्राप्तिको लडाईमा एक्यबद्धता जनाएको हो ।

## सम्पादकीय

# समस्यैसमस्याले ग्रस्त मधेश

तराई-मधेश अहिले विभिन्न समस्याबाट जुधिरहेकोछ । तराई-मधेशका नागरिक अहिले पानीको संकट पनि भोगिरहेका छन् । यसप्रति राज्यको बेवास्ता त रहँदै आएको छ, राजनीतिक दलहरु पनि यसलाई राजनीतिक एजेण्डा बनाई जनतालाई भुक्याउने प्रयास गरिरहेका छन् । मधेश दिनप्रति दिन मरुभूमिकरण भइरहँदा सरकारी मधेशकेन्द्रित दलहरुको तदारुकता वा चासो देखिँदैन । मधेशका अभियन्ताहरूले मधेशकेन्द्रित राजनीतिक दलका नेताहरू जनताबाट निरन्तर टाढिँदै गएको बताइरहेका छन् । उनीहरूले भने जनता नेताहरूलाई गाउँ-गाउँमा कुरिरहेका छन् तर नेताहरू राजधानीमा बसिरहेकोमा दुःख व्यक्त गरे । उनीहरूले भने "आन्दोलनलाई कोठे छलफलमा सीमित गर्ने काम रोक्नुस । यसबाट केही पार पाइदैन ।" जनताका समस्यामा साथ दिएर उनीहरूसँगको सम्बन्धलाई जीवित पार्नुपर्ने आवश्यकतामा ध्यानदिनुपर्ने खाँचो रहेको उनीहरूले बताए । लोभी पापीको रूपमा दरिएका मधेशकेन्द्रित राजनीतिक दलका नेताहरू राजधानीमा बसिरहेका छन् । संघीय गठबन्धनमा आबद्ध भइ काठमाडौंकेन्द्रित आन्दोलन सञ्चालित गर्दै आएका संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाका नेताहरूले खुलामञ्चको रिले अनसन पनि सकेका छन् । गठबन्धनले नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रले दर्ता गराएको अविश्वास प्रस्तावको पक्षमा मतदान गर्ने निर्णय पनि गरिसकेको छ । विभिन्न ठाउँमा बृहत अन्तरक्रिया गर्ने र सरकारमा नजाने निर्णय पनि गठबन्धनले गरिसकेको छ । र पनि मधेशी मोर्चाका नेताहरू काठमाडौंकेन्द्रित बासस्थलमा आराम गरिरहेका छन् । तराई-मधेशमा अहिले समस्यैसमस्या छ । धेरै पानी परेर बाढी ल्याइएको पीडा मधेशीहरूलाई परेको छ भने कतै सिँचाइको अभावले किसानलाई धान रोप्ने समस्याले पिरोलिरहेको छ । तर सरकारमा जान खोज्ने केही लोभी पापी नेताहरूले राजधानीमा बसेर राजनीतिक बाटो निर्माण गर्न जुटेको चर्चा चलिरहेको छ । ती नेताहरूले मधेशी पार्टीका लगानीकर्ताहरूलाई शीर्ष नेताहरूमाथि दबाब दिन उकास्ने काम गरिरहेका छन् । गठबन्धनले सरकारमा नजाने निर्णय गरिसकेपछि ती नेताहरूमा छटपटी बढ्न थालेको छ । कुनै पनि गठबन्धनका ठूला दल मधेशीको हितमा उदार बन्न नसकेको सत्य सबैको सामु नै छ । सरकारमा जान नहुने निर्णय गरिसकेका राजनीतिक दलका नेताहरूले आआफ्ना क्षेत्रमा गएर जनतालाई प्रशिक्षित गर्नुपर्ने यो समय हो । समस्याको समाधान गर्न जनताका घरदैला चहार्नुपर्ने बेला हो । मधेशीहरूको माग पूरा हुने सम्भावना तत्काल देखिदैँन । थप आन्दोलन गर्नुपर्ने देखिन्छ । यसका लागि समयमै ख्याल गरे बेस हुनेछ ।

# नैतिकताको संकटले निम्त्याएको समस्या



प्रेमचन्द्र झा

नैतिकता भन्नाले सच्चा कुरा बोल्नु, राम्रो व्यवहार गर्नु, गलत काम नगर्नु, अरूको सम्मान गर्नु, इमानदार हुनु र आफ्नो कर्तव्य पुरा गर्नु नै नैतिकता हो। यो कुनै किताबमा मात्र लेखिएको कुरा होइन, हाम्रो जीवनको हरेक पाटोमा लागू हुने व्यवहार हो। हामी कुन कुरालाई राम्रो र कुन कुरालाई नराम्रो मान्छौं भन्ने कुरा पनि नैतिकताको आधारमा तय हुन्छ।
नेपाल जस्तो विविधताले भरिएको देशमा, जहाँ विभिन्न जात, धर्म, भाषा र संस्कृतिका मानिसहरू एउटै समाजमा बस्छन्, त्यहाँ नैतिकता झनै महत्वपूर्ण हुन्छ। जब व्यक्ति, परिवार, समाज, संस्था, र राज्य सबैमा नैतिकता हुन्छ, तब मात्र एउटा सभ्य, समृद्ध र न्याययुक्त देश बन्न सक्छ।
तर अहिलेको समयमा नेपालमा नैतिकताको स्थिति कमजोर हुँदै गएको छ। मानिसहरू पैसा, पद, पहुँच र व्यक्तिगत फाइदाको पछि लागेर नैतिक मूल्य भुल्दै गएका छन राजनीति, प्रशासन, शिक्षा, स्वास्थ्य, व्यापार, सञ्चार, कृषि, सेवा सबै क्षेत्रमा अनैतिकता बढ्दो छ। यस्तो अवस्थामा नैतिकता के हो, कसरी हराउँदै गइरहेको छ, र कसरी पुनःस्थापना गर्न सकिन्छ भन्ने बारे गहिरो रूपमा बुझ्नु आजको आवश्यकता हो।
नैतिकता भनेको आत्मभान हो– आफ्नो व्यवहार, निर्णय र सोचमा के सही हो, के गलत हो भन्ने छुट्याउने चेतना। नैतिकता कुनै कानून होइन, तर यसले कानुनभन्दा गहिरो असर पार्छ। जसको मनभित्र नैतिकता हुन्छ, उसले कसैले नहेर्दा पनि राम्रो काम गर्छ, झूट बोल्दैन, चोरी गर्दैन, अरूलाई दुख नदिई आफ्नो काम गर्छ। नैतिकता जीवनका धेरै पक्षसँग जोडिएको हुन्छ–जस्तै सत्यता, ईमानदारी, सहिष्णुता, कर्तव्यबोध, करुणा, अनुशासन, जिम्मेवारी, आत्मसंयम, सेवा भावना, र पारदर्शिता। जब यी गुणहरू व्यक्ति र संस्थामा हुन्छन्, तब नै समाज न्यायपूर्ण र सुरक्षित हुन्छ।
नेपालमा सबैभन्दा बढी नैतिकताको प्रश्न राजनीति क्षेत्रमा उठाइन्छ। नेताहरूले चुनावमा जनतालाई अनेक वाचा गर्छन्–तर सरकार बनेपछि ती वाचा बिर्सिन्छन पदको दुरुपयोग, भ्रष्टाचार, आपसी लडाइँ, भागबन्डा र पहुँचको राजनीति आज नेपाली राजनीतिमा सामान्य बनिसकेको छ। कतिपय नेताहरू जनताको सेवा गर्नुको सट्टा सत्तामा टिकिरहन, आफन्त र कार्यकर्तालाई लाभ दिन, र आफू धनी बन्न राजनीति गर्छन दलहरूले घोषणा पत्रमा जे लेख्छन्, व्यवहारमा त्यो देखिँदैन। संसद जस्तो उच्च निकायमा पनि विचारभन्दा शक्ति प्रदर्शन बढी देखिन्छ।
राजनीतिमा नैतिकता भन्नाले सत्ताको लोभ नलिने, जनतासँग गरेको वाचा पुरा गर्ने, सार्वजनिक सम्पत्तिलाई आफ्नो सम्पत्रि् नठान्ने, पारदशी निर्णय गर्ने, भ्रष्टाचार नगर्ने, र राष्ट्रहितलाई प्राथमिकता दिने–यिनै हुन् राजनीतिक नैतिकताको मूल तत्व। जब नेताहरू नैतिक हुन्छन्, तब मात्र जनताले पनि राजनीतिलाई सम्मान गर्न थाल्छन् ।
सरकारी कर्मचारीहरूलाई प्रायः ॱजनताको सेवकॱ भनिन्छ। तर आजको यथार्थ त्यो भन्दा धेरै टाढा छ। सरकारी कार्यालयमा काम गराउन जानु भनेको घण्टौं कुर्नु, फाइल खोज्नु, सिफारिस ल्याउनु, र कहिलेकाहीं घूस खुवाउनु भन्ने बुझिन्छ। धेरैजसो कर्मचारीहरू काममा ढिलो पुग्छन्, समयमै फाइल नहेर्छन्, सेवाग्राहीलाई हेलचेर्क्याउँ गर्छन कतिपयले त ठूला नेतासँगको सम्बन्ध देखाएर गैरकानुनी काम गरिदिन्छन सरकारी योजना, अनुदान, ठेक्कापट्टा, भर्ना, सरुवा आदि सबैमा पारदर्शिता नभएको गुनासो सर्वत्र सुनिन्छ। राष्ट्रसेवक कर्मचारीहरूमा कार्यक्षमता, समयपालन, निष्पक्षता, उत्तरदायित्व, सेवा भावना, इमानदारी, र कर्तव्यप्रति निष्ठा हुन जरुरी छ। जब कर्मचारीहरू आफ्नो कामलाई धर्म सम्झेर गर्छन्, तब जनताले पनि सरकारी सेवा प्रति भरोसा राख्न थाल्छन् ।
महिला समाजको आधा हिस्सा हुन उनीहरू घर, समाज र राष्ट्रको विकासमा समान रूपमा महत्वपूर्ण छन तर लामो समयसम्म महिलालाई दोस्रो दर्जाको नागरिकजस्तो व्यवहार गरिएको इतिहास छ। पछिल्ला वर्षहरूमा शिक्षा, रोजगार, राजनीति, र कानुनी अधिकारमा प्रगति भए पनि व्यवहारिक रूपमा महिला अझै पनि धेरै समस्यामा छन केही महिला सशक्त भए पनि अवसरको दुरुपयोग, पहुँच र राजनैतिक संलग्नताका कारण अनैतिक गतिविधिमा पनि संलग्न भएको पाइन्छ। कतिपय महिलाले योजनाको नाममा लाभ लिने तर काम नगर्ने, संगठित रूपमा दबाब दिने, पदको दुरुपयोग गर्ने गरेका उदाहरण पनि छन महिलामा आत्मसम्मान, पारिवारिक जिम्मेवारी, सामाजिक न्यायमा विश्वास, ईमानदारी, र सहिष्णुता हुन जरुरी छ। महिला सशक्तीकरण केवल कानुनी अधिकारले मात्र होइन, नैतिक जिम्मेवारीले पनि पूर्ण हुन्छ।
विद्यार्थीहरू राष्ट्रको भविष्य हुन् भन्ने भनाइ सबैले सुनिसकेका छन तर आजका विद्यार्थीहरू राजनीतिक दलका समर्थक भएर आफू पढ्न भन्दा बढी अरूलाई दबाब दिने काममा लागेका छन शिक्षण संस्था भित्र हड्ताल, तोडफोड, गुरु(शिष्य सम्बन्धमा गिरावट, नकल, अनुशासनहीनता आदिले नैतिक मूल्य खस्किरहेको देखिन्छ। शिक्षा भनेको केवल किताबको ज्ञान होइन, जीवनको आचरण हो। विद्यार्थीमा समयको मूल्य बुझ्ने, इमानदारीपूर्वक अध्ययन गर्ने, शिक्षक र अभिभावकको सम्मान गर्ने, विचार र व्यवहारमा सन्तुलन राख्ने क्षमता विकास हुनु आवश्यक छ।
नेपालको ठूलो जनसंख्या कृषि पेशामा निर्भर छ। किसानहरू देशका मेरुदण्ड हुन् भन्ने कुरा सबैले भन्छन्, तर उनीहरूको अवस्था भने दिनदिनै कमजोर हुँदै गइरहेको छ। सरकारले घोषणा गर्ने अनुदान, सहुलियत ऋण, बीउबिजन र मलखाद समयमै किसानसम्म पुग्दैन। कतिपय अवस्थामा किसानहरू आफू उत्पादन गर्नुभन्दा पनि विदेशबाट आएको वस्तु उपभोग गर्न बाध्य छन केही किसानले अनुदानको दुरुपयोग गर्ने, झूटा कागजात बनाउने, सहकारीमा अनियमितता गर्ने जस्ता व्यवहार पनि देखिन्छ। यस्तो प्रवृत्तिले सबै किसानको नाम बदनाम हुन्छ। अर्कातर्फ, सरकारको कमजोरी र बजार व्यवस्थापनको अभावले गर्दा पनि किसानहरू हतोत्साहित भएका छन किसानमा इमानदारी, सहयोगी भावना, पारदर्शिता र मिसावटविहीन उत्पादन गर्नु अत्यावश्यक हुन्छ।
व्यापारीहरू समाजका आर्थिक इन्जिन हुन उनीहरूकै माध्यमबाट सामान, सेवा र उत्पादन जनतासम्म पुग्छ। तर आज नेपालमा व्यापारिक नैतिकता कमजोर हुँदै गएको छ। नाफा कमाउने लोभमा नापतौलमा बेइमानी, म्याद सकिएको सामान बेच्ने, गुणस्तरहीन उत्पादन, मिसावट, कृत्रिम अभाव सिर्जना गर्ने, मूल्य बढाउने, कर नतिर्ने, सरकारी अनुगमन छल्ने जस्ता कार्यहरू देखिन्छन व्यापार केवल मुनाफाका लागि होइन, समाजप्रतिको उत्तरदायित्वसहितको पेशा हो। ग्राहक ठगेर कमाएको पैसा दीर्घकालीन हुँदैन। व्यापारीमा सत्य र पारदशी कारोबार, गुणस्तरको सम्मान, करको पालन, ग्राहकको सम्मानजस्ता गुण आवश्यक छन् ।
नेपालमा विभिन्न पेशा गर्ने व्यक्तिहरू– जसमा डाक्टर, इन्जिनियर, पत्रकार, शिक्षकजस्ता सम्मानित व्यक्तिहरू छन्–तिनीहरूलाई समाजले ठूलो आदर गर्छ। तर हालका दिनमा यिनै पेशामा पनि नैतिकताको गिरावट देखिँदै गएको छ। डाक्टरहरूमा करुणा, संवेदनशीलता, समयको कदर, र बिरामीप्रतिको सहानुभूति अत्यावश्यक छ। इन्जिनियरहरूमा गुणस्तरीयता, पारदर्शिता, प्राविधिक इमानदारी, र राष्ट्रप्रतिको जिम्मेवारी जरुरी छ। पत्रकारहरूमा सत्य, निष्पक्षता, स्रोतको गोपनीयता, र जनताको हितमा काम गर्ने भावना हुनुपर्छ। शिक्षकहरूमा आत्मबल, ज्ञानको निष्ठा, विद्यार्थीप्रतिको माया, र साँचो गुरु बन्ने भावना अनिवार्य छ।
आजको युग सञ्चारको युग हो। मिडिया र सामाजिक संजालको हो ।आजको युग सञ्चारको युग हो। मिडिया र सामाजिक संजालको प्रभाव अहिलेको समाजमा अत्यन्त बलियो छ। सूचना, समाचार, विचार, बहस र चेतना जनतासम्म पुर्याउने काम यिनै माध्यमबाट हुन्छ। तर सूचना भन्दा अफवाह, सत्य भन्दा सनसनी, शिक्षाप्रद कुरा भन्दा विवादास्पद सामग्रीहरू बढी प्रस्तुत हुने क्रम बढेको छ। कुनै पनि विषयको पुष्टि नगरी समाचार बनाउने, वा सामाजिक संजालमा अफवाह फैलाउने काम बढ्दो छ। कतिपय मिडिया संस्थाहरू राजनीतिक स्वार्थमा काम गरिरहेका छन् भने कतिपय सामाजिक सञ्जाल प्रयोगकर्ताहरू अरूको चरित्र हत्या गर्न, जातीय घृणा फैलाउन वा झूठो समाचार फैलाउन सक्रिय देखिन्छन्। संचार माध्यम र सामाजिक सञ्जालमा सत्य, विवेक, शिष्टता, र सहनशीलता हुनु अत्यावश्यक छ। जसरी कागजको समाचार विश्वासिलो हुनुपर्छ, त्यसैगरी डिजिटल पोस्ट पनि साँचो, प्रमाणमा आधारित र समाज हितमा हुनुपर्छ। अरूको गोपनीयता, आत्मसम्मान, र सामाजिक सद्भावलाई असर पुर्याउने कुनै पनि सूचना अनैतिक हुन्छ। त्यसैले मिडिया र सामाजिक संजाल प्रयोगकर्ताले आफू जिम्मेवार नागरिक भएको प्रमाण दिनुपर्छ।
हाम्रो समाजको आधार भनेको नागरिक नै हो। हरेक नागरिकले आफू जहाँ छ, जस्तो छ, त्यहीँबाट नैतिक व्यवहार गर्न सुरु गरे भने समाज बदलिन धेरै समय लाग्दैन। सार्वजनिक ठाउँमा फोहोर नगर्नु, लाइनमा पालो पालना गर्नु, कर तिर्नु, झूट नबोल्नु, सवारी नियम पालना गर्नु, सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु, छिमेकीसँग सहिष्णु व्यवहार गर्नु–यी सबै साधारण लाग्ने कामहरू नै हाम्रो नैतिकता हो। कहिलेकाहीं हामी कानुन नलाग्ने ठाउँमा जानीजानी अनैतिक काम गर्छौं, जस्तो– पानी चोरेर सिंचाइ गर्नु, लोडसेडिङमा अनधिकृत लाइन जोड्नु, वा चाडपर्वमा मादक पदार्थ सेवन गरेर होहल्ला गर्नु। यस्ता व्यवहारले समाजको अनुशासन मात्र होइन, हाम्रो व्यक्तित्व पनि कमजोर पार्छ। नैतिक नागरिक बन्ने काम स्कूल, धर्म, समाज वा सरकारको मात्र जिम्मा होइन–व्यक्ति स्वयंको हो। सानैदेखि यो चेतना विकास गरे मात्रै दीर्घकालीन प्रभाव पर्छ।
नैतिकता समाजमा पुनःस्थापना गर्नका लागि धेरै उपायहरू अपनाउन सकिन्छ। पहिलो, हाम्रो शिक्षा प्रणालीमा नैतिक शिक्षा अनिवार्य हुनुपर्छ, बाल्यकालदेखि नै मूल्य-आधारित शिक्षा दिनुपर्छ। विद्यार्थीलाई केवल परीक्षा पास गर्ने होइन, राम्रो मानिस बन्ने शिक्षामा जोड दिनुपर्छ। दोस्रो, शिक्षक, अभिभावक र समाजले केवल उपदेश होइन, व्यवहारबाट उदाहरण देखाउनुपर्छ। तेस्रो, धार्मिक र सांस्कृतिक संस्थाहरूले मानवता र सदाचारको प्रचार गर्नुपर्छ, अन्धविश्वास होइन। चौथो, सामाजिक सञ्जालमा प्रयोगकर्तालाई सचेत बनाउने अभियानहरू चलाउनुपर्छ, जसले साइबर मर्यादा सिकाउँछ। पाँचौं, भ्रष्टाचार, अनियमितता, र पदको दुरुपयोग गर्नेलाई जुनसुकै तहको व्यक्ति भए पनि कानुनी रूपमा कडा कारबाही गरिनुपर्छ। छठौं, सामुदायिक तहमा नैतिक बहस, गोष्ठी, नाटक, चित्रकला, कविता, लेखनजस्ता सृजनात्मक कार्यक्रमबाट चेतना फैलाउनु पर्छ। अन्तिममा, नैतिक व्यक्ति, संस्था वा नेतृत्वलाई सार्वजनिक रूपमा सम्मान गर्ने संस्कार बसाल्नुपर्छ, जसले समाजमा राम्रोको प्रेरणा दिन्छ।
नैतिकता भन्नु केवल आदर्श होइन, व्यवहार हो। यो हाम्रै बोली, चालचलन, सोच, कर्म, सम्बन्ध र जिम्मेवारीमा झल्किन्छ। जब मानिसहरूमा नैतिकता बलियो हुन्छ, तब समाज स्वतः सुरक्षित, न्यायपूर्ण र शान्त हुन्छ। तर जब नैतिकता कमजोर हुन्छ, तब कानुनले मात्र सबै कुरा रोक्न सक्दैन।
नेपालमा आज जुन संकटहरू छन्– भ्रष्टाचार, बेरोजगारी, राजनीतिक अस्थिरता, सेवा प्रवाहमा कमजोरी, शिक्षा र स्वास्थ्यमा गिरावट, सामाजिक असहिष्णुता–यी सबैको मूल कारण नै नैतिकताको कमी हो। जब व्यक्ति, संस्था, र राज्य नैतिक बन्छ, तब कानुन, नीति, योजना र विकास स्वाभाविक रूपमा सफल हुन्छन् ।
त्यसैले अब समय आएको छ कि हामी सबै–राजनीतिज्ञ, कर्मचारी, महिला, विद्यार्थी, किसान, व्यापारी, पेशाकर्मी, मिडिया, र सामान्य नागरिक–आ-आफ्नो ठाउँबाट नैतिकता अभ्यासमा लागौं। त्यसैबाट मात्रै साँचो परिवर्तन सम्भव हुन्छ। व्यक्तिको आत्मा शुद्ध भए समाज स्वतः सबल हुन्छ। अनि मात्र राष्ट्र बन्न सक्छ–न्याययुक्त, समावेशी, स्वाभिमानी र समृद्ध।

*(झा ,प्रेस चौतारी नेपालका केन्द्रीय सदस्य तथा नेपाल पत्रकार महासंघ रौतहट शाखाका पुर्व अध्यक्ष हुन् ।)*

# जनता समाजवादी पार्टी र राष्ट्रिय मुक्ति पार्टी नेपालबीच कार्यगत एकताको सहमति-पत्र



१. प्रस्तावना

नेपाल एक स्वतन्त्र, सार्वभौमसत्तासम्पन्न, अविभाज्य, लोकतान्त्रिक, धर्मनिरपेक्ष, बहुजातीय/बहुराष्ट्रिय बहुभाषिक, बहुसाँस्कृतिक, बहुलतायुक्त राष्ट्रिय पहिचान भएको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो भन्ने मान्यता राख्दैं,

देशको सार्वभौमिकता, भौगोलिक अखण्डता, शान्ति, लोकतन्त्र र अग्रगमनको पक्षमा इतिहासको विभिन्न कालखण्डमा भएका जनआन्दोलन, जनयुद्ध, मधेश विद्रोह, तथा आदिवासी जनजाति, खस, थारु, मुस्लिम, महिला, शिल्पी/दलित, पिछ्डावर्गलगायत उत्पीडित एवम् शोषित जनताले विगतमा गरेको जनआन्दोलन, क्रान्ति र परिवर्तनका क्रममा गरेको बलिदानीपूर्ण सङ्घर्ष र जीवन उत्सर्गको उच्च सम्मान तथा सम्पूर्ण ज्ञात अज्ञात सहीदहरूप्रति श्रद्धा सुमन प्रकट गर्दै,

उत्पीडित राष्ट्रियताहरूको पहिचानसहितको सङ्घीय गणतन्त्र, प्रादेशिक स्वायत्तता, समानुपातिक समावेशीता, राष्ट्रिय स्वाधीनता, भौगोलिक अखण्डता, संवैधानिक सर्बोच्चता, विधिको शासन, मौलिक एवम् मानव अधिकार, बहुदलीय प्रतिस्पर्धा, आवधिक निर्वाचन, कानुनी राज्य, प्रेस स्वतन्त्रता, सामाजिक सुरक्षा, लोक कल्याणकारी राज्य, शक्ति पृथकीकरण, आवधिक निर्वाचन, स्वतन्त्र तथा निष्पक्ष सङ्घीय न्याय प्रणाली जस्ता सर्बमान्य लोकतान्त्रिक मूल्य र मान्यताप्रति दृढ आस्थावान रहदै,

नेपालमा सामन्ती निरङ्कूशता र अधिनायकवाद विरुद्ध पटकपटक भएको जनआन्दोलन, जनयुद्ध, मधेश जनविद्रोहलगायत युगौंदेखि शोषित उत्पीडित समुदायहरूले गरेको राष्ट्रिय मुक्ति तथा पहिचानसहितको सङ्घीयताको आन्दोलनको परिणामस्वरूप प्राप्त सङ्घीय लोकतान्त्रिक गणतन्त्र, समावेशिता र धर्मनिरपेक्षताको रक्षा, सुदृढीकरण र विकास गर्दै मुलुकको आर्थिक विकास, समानता, सुशासन, समृद्धि एवम् सामाजिक न्यायसहितको समावेशी, लोकतान्त्रिक, समतामूलक, न्यायपूर्ण, विभेदरहित सङघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था स्थापना गर्ने सङ्कल्प गर्दै,

देशको समृद्धि र विकासका लागि तराई/मधेश, पहाड र हिमालको विशिष्ट अवस्थालाई सम्बोधन गर्न आदिवासी जनजाति, मधेशी, खस, आर्य, थारु, मुस्लिम, महिला, शिल्पी/दलित, पिछडावर्ग, अपाङगता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक, लोपोन्मुख तथा सीमान्तकृत समुदायहरूलाई राज्यका सबै अङ्ग, तह र निकायहरूमा समानुपातिक समावेशीकरण, सामाजिक आर्थिक न्याय र सामाजिक सुरक्षाको सुनिश्चितता तथा उत्पीडित राष्ट्रियताहरूलाई सङ्घीय प्रदेश, स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र र विशेष क्षेत्रहरूमा सङ्गठित हुने तथा आफ्नो राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासका निम्ति संयुक्त राष्ट्रसङ्घको आदिवासी जनजाति अधिकारसम्बन्धी घोषणापत्र- २०१३ र आइएलओ महासन्धि- १६९ अनुसार जल, जमिन, जङ्गललगायतका प्राकृतिक स्रोत साधनहरूको प्रयोग, व्यवस्थापन र लाभको वितरणमा स्वतन्त्र, पूर्व सुसुचित मन्जुरी ९ँएक्ष्ृ०को हकहुने व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने प्रतिवद्धता व्यक्त गर्दै,

नेपालका श्रमजीवी वर्ग तथा उत्पीडित समुदायको हक अधिकारको सुनिश्चितता तथा समाजमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लिङ्गीय लगायत मानवले मानवलाई गर्ने सबै प्रकारका शोषण, उत्पीडन र विभेदहरूको अन्त्य गरी समता, स्वतन्त्रता, सामाजिक न्याय एबम् समतामूलक समृद्धिमा आधारित सामाजिक व्यवस्था निर्माण गर्न तथा देशलाई अग्रगामी निकास दिन पहिचानसहितको सङ्घीयता र समाजवाद पक्षधर शक्तिहरूको एकतावद्ध पहलकद्मी आवश्यकता छ भन्ने कुरा हृदयङ्गम गर्दै, संविधानको अग्रगामी संशोधन, परिमार्जन र विकास गर्ने उद्देश्यले जनता समाजवादी पार्टी र राष्ट्रिय मुक्ति पार्टी नेपाल निम्न साझा मुद्दा, लक्ष्य र उद्देश्यहरू प्राप्तिका लागि एकता उन्मुख कार्यगत एकता गर्न सहमत भएका छौं ।

२. उद्देश्य तथा प्रतिबद्धताहरू

१. सङघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र सुदृढीकरण गर्दै बहुजातीय/बहुलराष्ट्रिय राज्य सुहाउँदो समाजवादको नेपाली बाटो तय गर्ने र समाजवादी लोकतान्त्रिक राजनैतिक शक्तिको पहलमा समाजको रुपान्तरणको कार्य अगाडि बढाउने ।

२. सहभागितामुलक समावेशी लोकतन्त्रसहितको सामाजिक, आर्थिक तथा राजनीतिक प्रणालीको विकास गर्ने र त्यसको माध्यमवाट नेपालको आर्थिक विकास, सुशासन, सामाजिक आर्थिक न्याय, समृद्धि र समतामुलक समाजको सुनिश्चित गर्ने ।

३. सङघीयता, लोकतन्त्र, सुशासन, समृद्धि र सामाजिक आर्थिक न्यायसहितको राज्य व्यवस्था स्थापना गर्न सरकार, संसद र सडक तीनवटै क्षेत्रमा क्रियाशील हुने,

४. प्रत्यक्ष लोकतन्त्रको मान्यताअनुरूप सङ्घमा वालिग मताधिकारमा आधारित जनताद्वारा निर्वाचित कार्यकारी राष्ट्रपति, प्रदेशहरूमा मुख्यमन्त्री तथा विशेष संरचना र स्थानीय तहहरूमा त्यहाँको कार्यकारी प्रमुख पनि वालिग मताधिकारको आधारमा प्रत्यक्ष निर्वाचित हुने ।

५. कुनै पनि तहको कार्यकारी प्रमुख दुई कार्यकालभन्दा बढी हुन नपाउने । सङ्घमा राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिङ्ग, प्रदेश र जातिको हुने व्यवस्था गर्ने । राष्ट्रपतिले समावेशीरूपमा मन्त्री परिषद बनाउने, शक्ति पृथकीकरणको सिद्धान्तअनुरूप सांसदहरू कानुन निर्माणमा केन्द्रित हुने तथा मन्त्रीहरू विज्ञ राजनीतिकर्मी र विशेषज्ञहरू मध्येबाट नियुक्त गर्ने ।

६. पछाडि परेका सवै वर्ग, जाति, क्षेत्र, लिङग र समुदायको राज्यका सवै अङग, तह र निकायहरूमा जातीय/सामुदायिक जनसङ्ख्याको आधारमा पूर्ण समानुपातिक समावेशी हुने व्यवस्थाका साथै पूर्ण समानुपातिक निर्वाचन प्रणालीको आधारमा सबै तहको निर्वाचन हुने व्यवस्था गर्ने । स्थानीय तहको निर्वाचन गैरदलीय आधारमा सम्पन्न गर्ने ।

७. संयुक्त राष्ट्र सङ्घको बडापत्र, राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक अधिकारसम्बन्धी महासन्धिलगायत नेपाल पक्ष भएका सबै अन्तर्राष्ट्रिय सन्धि, सम्झौता र अनुबन्धहरू कार्यान्वयन गर्ने ।

८. जनपरिचालनका कार्यक्रमहरूको सञ्चालन गर्दै दुई दलबिचको कार्यगत एकताको पक्षमा जनमत सिर्जना गर्ने । यसका लागि जनप्रदर्शन, आमसभा, सेमिनार र गोष्ठी आदिजस्ता कार्यक्रमहरूको आयोजना गर्ने ।

९. जातिभेद, वर्णभेद, रङगभेद र सबैखाले शोषण, उत्पीडन र विभेदका बिरूद्ध विश्वव्यापी रूपमा उठेका न्यायपूर्ण सङघर्ष एवम राष्ट्रिय मुक्ति आन्दोलनप्रति ऐक्यबद्धता तथा साथ समर्थन गर्ने ।

१०. नेपालमा सदियौंदेखि कायम रहिआएको वर्गीय, जातीय, भाषिक, क्षेत्रीय, लैङ्गिक र जातपातजन्य शोषण, उत्पीडन, असमानता र विभेदहरू अन्त्य गर्ने । त्यसका लागि निरन्तर जनपहल र जनदवाव सृजना गर्ने ।

११. राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक रूपले बहिष्करणमा परेका वा पारिएका मधेशी, आदिवासी जनजाति, खस, दलित, मुस्लिम, थारु, पिछडावर्ग, अल्पसङ्ख्यक समुदाय, विपन्न वर्ग लगायतका सीमान्तकृत समुदायहरूको पहिचानको मान्यता, समावेशीकरण र सामाजिक न्यायको प्रत्याभूति गराउने कार्य अगाडि बढाउने ।

१२. नेपालको संविधान अपूरो, अधुरो र विभेदकारी रहेकाले सबै समुदायको पहिचान र अधिकार स्थापित हुने गरी संविधान संशोधन र परिमार्जनका लागि दवाव सिर्जना गर्ने ।

१३. देशैभर पुर्वाधार विकास कार्यक्रम लागू गरी ग्ल्म्चक्ष्ए र क्षिइ ज्ञटढ प्रतिकूल नहुने गरी विकास निर्माणको कार्य सञ्चालन गर्ने र प्रगतिशील रूपान्तरणको कार्यक्रम अगाडी सार्ने । मानव विकास सूचाङ्कमा पछाडि परेका मधेस, कर्णाली, सुदुरपश्चिमका विकासका कार्यक्रमहरू तथा राष्ट्रिय गौरवका आयोजनाहरूलाई प्राथमिकताका साथ कार्यान्वयन गराउने ।

१४. सरकारले गर्ने सम्पूर्ण राजनीतिक तथा संवैधानिक नियुक्तिहरू दालीय भागवण्डा र नातावाद कृपावादका आधारमा नभई योग्यता, क्षमता, योगदान, अनुभव र समानुपातिक समावेशी आधारमा गर्ने ।

१५. जलवायु परिवर्तन, वातावरणीय प्रदुषण र प्राकृतिक विपत्का कारण उत्पन्न नकारात्मक असरलाई नियन्त्रण गर्ने, जैविक विविधता र पर्यावरणको संरक्षण गर्ने ।

१६. सङ्घीयताको प्रभावकारी कार्यान्वयनका लागि सङ्घ, प्रदेश र स्थानीय तहका सरकारहरूबिचको क्षेत्राधिकारलाई स्पष्ट पार्ने, देशको राजस्व तथा स्रोत साधनहरू सन्तुलित र न्यायोचित रूपमा बाँडफाँट गर्ने र राज्यका तर्फबाट प्रदान गरिने सेवा सुविधाहरू जनतामा पुऱ्याउन प्रदेश तथा स्थानीय तहलाई सक्षम बनाउँने ।

१७. देशको स्वाधिनता, सार्वभौमसत्ता र राष्ट्रिय हितको रक्षा गर्न एवम जनताको समृद्धिका लागि संयुक्त राष्ट्रसङ्घको वडापत्र, सावैभौमिक समानता, शान्तिपूर्ण सहअस्तिन्व र पञ्चशीलको सिद्धान्तलाई आधार मानी स्वतन्त्र, असंलग्न र सन्तुलित परराष्ट्र नीति अवलम्बन गर्ने ।

१८. उपरोक्त उद्देश्य प्राप्तिका लागि आवश्यकताअनुसार समय सापेक्षरूपमा अभियान, आन्दोलन र सङ्घर्षको माध्यमबाट अगाडि बढ्ने ।

३. सङगठनात्मक संरचना र सञ्चालन विधि

१. दुई दलबिचको कार्यगत एकताको संरचना सामान्यत: तीन तहको हुने छ ।

१. केन्द्रीय तह २. प्रादेशिक तह ३. स्थानीय तह

२. केन्द्रीय तहमा केन्द्रीय संयोजन समिति रहने छ । यस समितिमा पार्टीका अध्यक्षहरूसहित प्रत्येक पार्टीहरूबाट ७/७ जना रहने छन । समितिमा कम्तिमा २ जना महिला हुनुपर्ने छ । आपसी समन्वय र कार्यसंचालनको लागि सचिवालय बनाउन सकिनेछ ।

३. प्रादेशिक तहमा प्रदेश संयोजन समिति रहने छ । यस समितिमा प्रदेशका अध्यक्षहरूसहित प्रत्येक पार्टीहरूबाट ५/५ जना रहने छन ।

४. स्थानीय तहमा हाललाई जिल्ला संयोजन समिति रहने छ । यस समितिमा जिल्ला अध्यक्षसहित ३/३ जना रहने छन ।

५. पाटीका जनवर्गीय/भातृ सङगठनहरूबिच पनि आवश्यकतानुसार संयुक्त संरचना निर्माण गर्न सकिने छ ।

६. यस कार्यगत एकतामा संलग्न पार्टीहरूले बैठकको अध्यक्षता आलोपालो गर्ने छन् ।

७. सबै तहको संयोजन समितिको बैठक, कार्यसूचीहरुको निर्धारण आपसी सहमतिको आधारमा हुनेछ ।

८. कार्यगत एकताको उद्देश्यअनुरूप केन्द्रदेखि जिल्ला तहसम्म आवश्यकतानुसार अन्तर्क्रिया, आमसभा, जुलुशलगायतका संयुक्त सङ्घर्षका कार्यक्रमहरू सञ्चालन गर्न सक्ने छ ।

९. कार्यगत एकतामा सामेल हुन चाहने अन्य राजनीतिक दलहरूलाई आपसी सहमतिका आधारमा केन्द्रीय संयोजन समितिले निर्णय गरी सामेल गर्न सकिने छ ।

१०. सबै तहका संयोजन समितिको निर्णय सहमतिको आधारमा हुने छ । दुई दलबिच कुनै विवाद उत्पन्न भएमा त्यसलाई पारस्परिक छलफल र समझदारीबाट समाधान गरिने छ ।

११. आवश्यकताअनुसार विभिन्न विषयहरूको निक्र्योल गर्न उपसमिति तथा कार्यदलहरू गठन गर्न सकिने छ ।

१२.सहमती भएका बाहेक अन्य विषयमा पार्टीहरु आ-आफनो मान्यता र विधान अनुरुपका कामहरु गर्न स्वतन्त्र रहने छन् । यो सहमति पत्रमा उल्लेख नभएका विषयमा आपसी सहमतिका आधारमा काम गर्न सकिनेछ ।

१३. यो कार्यगत एकता हुदाँका बखत वा यसपछि पनि अन्य कुनै दलसँग छुट्टै सहकार्य, कार्यगत एकता, मोर्चा निर्माण वा दल एकता गर्नलाई यो कार्यगत एकता बाधक हुने छैन । त्यस्तो अवस्थामा पनि यो कार्यगत एकता कायमै रहनेछ ।

४. आचारसंहिता

१. दुई दलबिचको केन्द्रीय संयोजन समितिले पारित गरी जारी गरेका निर्देशनहरू तथा प्रदेश र जिल्ला संयोजन समितिहरूले गरेका निर्णयहरू दुबै दलले पालना गर्नुपर्ने छ ।

२. जुन दलले बैठकको अध्यक्षता गरेको हुन्छ सोही दलले पत्रपत्रिका, टेलिभिजन, एफ.एम.लगायतका सञ्चार माध्यमहरूको समन्वय र बैठकका निर्णयहरूको बिफिङ गर्ने छ ।

३. संयुक्त रूपमा गरिने सार्वजनिक कार्यक्रमहरूमा दुई दलबिचको कार्यगत एकताको उद्देश्य, नीति र कार्यक्रमको आधारमा आफ्नो मन्तव्य दिनुपर्ने छ ।

४. प्रत्येक घटकहरूले आफूलाई दिएको जिम्मेवारी समयमै पूरा गर्नुपर्ने छ ।

५. संयुक्त कार्यक्रमहरूमा एउटा पार्टीले अर्को पार्टीमाथि आरोप प्रत्यारोप गर्न तथा कार्यगत एकताको नीति विरुद्ध सार्वजनिक टिकाटिप्पणी गर्न पाइने छैन ।

६. यस कार्यगत एकताको नीति, कार्यक्रम र उद्देश्यविपरीत हुने गरी आफनो गतिविधि गर्ने छैनन् । तर आफ्नो अलग कार्यक्रममा पार्टी नीतिअनुरूप काम गर्न दुबै दल स्वतन्त्र हुने छन् ।

मिति: २०८२ श्रावण २९ गते
नेपाल संवत ११४५ गुंलागा षष्ठी

अशोक कुमार राई
अध्यक्ष
जनता समाजवादी पार्टी

राजेन्द्र महतो
अध्यक्ष
राष्ट्रिय मुक्ति पार्टी नेपाल

# सरकारले बिचौलिया, भूमाफियाका लागि भूमि विधेयक ल्याएको छ : प्रभु साह

काठमाडौं । आम जनता पार्टी ( आजपा)का अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले भूमि आयोगको नाम बदलेर ‘भूमाफिया आयोग’ राख्न सरकारलाई सुझाव दिएका छन् । सरकारले बिचौलिया, भूमाफियाका लागि भूमि विधेयक ल्याएको बताउदै उनले यस्तो सुझाव दिएका हुन् । प्रतिनिधिसभाको बिहीबार बसेको बैठकमा आजपा अध्यक्ष साहले संविधानमा भएको व्यवस्था अनुसार भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले अहिलेसम्म किन जग्गा नपाएको भन्दै उनले प्रश्न समेत गरे ।



‘म सरकारसंग प्रश्न गर्न चाहन्छु भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले अहिलेसम्म किन भुमिको अधिकार पाएनन् । संविधानमै भएको अधिकार अहिलेसम्म किन अलपत्र छ । म सम्मानिय प्रधानमन्त्रीजीसंग सोध्न चाहन्छु संविधानमै भएको अधिकार तपाई कार्यान्वयन गर्न नसक्ने,’ आजपा अध्यक्ष साहले भने, ‘अहिले म सुन्ने गरेको छु, कि भूमिहीन सुकुम्बासीलाई भूमि दिन कानून प्रयाप्त भएन, कानूनको अभाव भयो । यसरी रातलाई दिन बनाउने काम भइरहेको छ त्यसलाई बन्द गर्न विशेष आग्रह गर्न चाहन्छु । हामी जानकार छौं, कानून मन्त्रालय, भूमि मन्त्रालय चलाएको मान्छे म सोध्न चाहन्छु प्रधानमन्त्रीजीसंग कुन दफाले रोकेको छ, बताउनुस् ।’

२०४८ सालदेखी तपाईहरुले सुकुम्बासीको नाममा हुकुम्बासीलाई जग्गा बाडदै आएको बताउदै उनले अहिले कुन कानून र दफाले सुकुम्बासीलाई जग्गा दिन रोक्यो भन्ने बाध्यता बारेमा जवाफ माग गरे । ‘प्रधानमन्त्रीको मुखमा रामराम बगलीमा छुरा’ भएको बताउदै उनले सुकुम्बासीको नाममा बिचौलिया र भूमाफियालाई फाइदा पुग्ने काम गरिरहेको बताए ।

उनले प्रधानमन्त्री केपी शर्मा ओलीलाई सुझाव दिदै कटाक्ष गर्दै भने, ‘म प्रधानमन्त्रीजीलाई भन्न चाहन्छु, तपाईहरु गरिब सुकुम्बासीको नाम बन्द गर्दिनुस । तपाईहरुको नियत गरिब सुकुम्बासीलाई दिने भन्ने छैन् । तपाईहरुले सिधा हो भूमाफियालाई दिएर आफ्नो भूडी भर्ने । त्यसो हो भने यो जुन भूमि आयोग बनाउनुभएछ, त्यसको नाम मूमाफिया आयोग बनाउनुस् । अहिले जुन विधेयक ल्याउनुभएको छ भूमि विधेयकको नाम छोडेर त्यसलाई भूमाफिया विधेयक भन्नुस । हैन भने स्पष्ट भन्नुस कुन दफाले सुकुम्बासीलाई दिनलाई रोकेको छ ?’

सरकारी डाटाअनुसारी नै ८९ हजार भूमिहीनले मात्रै जग्गा लिन बाँकी रहेको बताउदै उनले सरकारले नौं लाखको निवेदन लिएर के गर्न खोजेको भन्दै प्रश्न उठाएका छन् । ति नौं लाखलाई कुन जग्गा दिन खोजेको हो ? जंगलको जग्गा, राष्ट्रिय निकुञ्जको जग्गा दिने समितिमा जुन छलफल चलाइएको छ त्यो नेपाली जनतालाई स्वीकार्य नहुने उनले बताए ।

बजार, सडक वरिरिका जग्गा भूमाफियालाई दिने जुन प्रपञ्च भइरहेको छ त्यो शाहीकालमा पनि यस्तो नभएको उनले बताए । राजामहाराजाले भूमिहीन गरिबलाई जग्गा दिएको तर अहिले सरकारले गरिब भूमिहीनको नाममा बिचौलिया र माफियालाई जग्गा दिएर कमाउने धन्दामा लागेको साहले बताए । नेपालको भूमि बेचेर बिदेश लैजाने षडयन्त्र भइरहेको, हदबन्दीको जग्गालाई फुकुवा गर्ने षडयन्त्रमा सरकार लागेको र सोही अनुसार भूमि विधेयक ल्याएको भन्दै उनले सरकारको आलोचना गरे ।

उनले हदबन्दी छुटमा जग्गा लिएकाहरूले अहिले प्रयोजन परिवर्तन गरेर जग्गाको प्लटिङ र हाउजिङ व्यवसायको लागि मन्त्रालयसमक्ष निवेदन दिएको भन्दै गलत काम नगर्न भूमिमन्त्रीलाई सचेत गराए ।

‘नेपालमा हदबन्दी छुटमा जग्गा लिएकाहरुको संख्या कति छ ? कुन कम्पनीले कुन प्रयोजनको लागि कति जग्गा लिएको छ ? हामी जान्न चाहन्छौं-अहिले ती जग्गाको स्थिति के छ ? यो विषय स्पष्ट गरियोस । भूमिसुधार मन्त्रालयको जानकारीअनुसार कृषि शिक्षा र स्वास्थ्य प्रयोजनको लागि हदबन्दी छुट लिइएका जग्गाहरु अहिले घरजग्गा कारोबारको लागि रुपान्तरण गरियोस भनेर निवेदन आएको छ भन्ने सुन्नमा आएको छ, झण्डै एक सय वटा कम्पनीले आफूले जुन प्रयोजनको लागि लिइएको, त्यो नभएर अब घरजग्गा कारोबार, हाउजिङ र प्लटिङको लागि निवेदन दिएका छन्,’ आजपा अध्यक्ष साहले भने, ‘हामी जान्न चाहनछौं-ती कम्पनीहरु कुन कुन छन् ? ती निवेदनमाथि के छानबिन भयो ? के कारबाही भयो ? अथवा के सम्बोधन भएको हो ? हो भने किन गोप्य राखियो । भूमिसुबधारमन्त्रीलाई सोध्न चाहन्छु-यसलाई किन गोप्य राख्नुहुन्छ ?’

# मुख्यमन्त्री सिंहद्वारा पुरानो चमेना गृह भवनको उद्घाटन



राकेश यादव, रौतहट । मधेश प्रदेश सरकारका मुख्यमन्त्री र स्वास्थ्य तथा जनसंख्या मन्त्रीले प्रादेशिक अस्पताल गौरको परिसरमा सञ्चालनमा रहेका १ वर्ष पुरानो चमेना गृह क्यान्टिनको उद्घाटन गरेका छन् । २०८१ सालमा निर्माण भई ठेक्कामा गएको जेष्ठ महिनासम्म सञ्चालन भएको चमेना गृहको मुख्यमन्त्री सतीश कुमार सिंहले उद्घाटन गरेका हुन् ।

३० हजार प्रति महिना रकम बुझाउने भनी २०८१ साउनदेखि ठेक्कामा सञ्चालन गरिएका चमेना गृह प्रादेशिक अस्पताल गौरमा उपचार गराउन आएका जिल्लाको यमुनामाई गाउँपालिका वड़ा नम्बर २ का वडा अध्यक्ष सीताराम यादवलाई क्यान्टिन संचालकका कर्मचारीले बासी भात दिएपछि उत्पन्न भएको विबादका कारण अस्पताल प्रशासनले चमेना गृहमा ताला लगाएर बन्द गराएको थियो । पहिला दिएको ठेक्का रद्द गरी प्रादेशिक अस्पताल गौरले दोस्रो पटकको ठेक्का स्वीकृत गरी सकिएको बुझिएको छ ।

अस्पतालको परिसरमा दक्षिणतर्फ रहेको पुरानो घरलाई मर्मत सम्भार गरी बनाइएको एमसीएच क्लिनिकलाई पनि मुख्यमन्त्री सिंह र स्वास्थ्यमन्त्री शत्रुधन प्रसाद सिंहले उद्घाटन गरेका हुन् । एक वर्ष पहिला निर्माण भई सञ्चालन भइसकेका चमेना गृहको वालमा आफ्नो नामको शिलालेख राख्नको लागि मुख्यमन्त्री उद्घाटन गरेको भनी आलोचना समेत हुन थालेका छन् ।

प्रादेशिक अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष मो. अनवर हासमीले आफ्नो पदावधि बढाउने उद्देश्यले यस्तो कार्य गरेको भनी स्थानीयहरुले टिपण्णी गरिरहेका छन् । जनता समाजवादी पार्टी नेपालको सरकार हुँदा जसपाका पूर्व प्रदेश सांसद रामकिशोर यादवको सहयोगमा व्यवस्थापन समितिका जिम्मेवारी पाएका हासमीले वर्तमान अवस्थामा नेकपा एमालेको नेतासँग सहकार्य गरी दोस्रो कार्यकालका लागि पहल गरिरहेको बुझिएको छ ।

हासमीको अवधि भदौ १५ गते सकिदैछ । आफ्नो पद जोगाउन जनता समाजवादी पार्टीसँग अनौपचारिक रुपमा टाढा भएका हासमी अहिले एमालेका नेताको शरणमा पुगेका छन् । समाचार स्रोतका अनुसार अवधि थप गर्नको लागि ठूलो रकमको चलखेल गरिएको बजारमा हल्ला चालेको छ ।

गौर प्रादेशिक अस्पतालको अध्यक्षमा अनवर हासमी आएदेखि सरसफाईमा सुधार भएपनि आर्थिक पारदर्शितामा पटक-पटक विवाद हुँदै आएको छ। कर्मचारीको नियुक्ति, आन्तरिक आय र व्ययको विषयमा हासमी उपर अनियमितताको आरोप लाग्दै आएको हो ।


## सूचना ! सूचना !! सूचना !!!

### ‘व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।’

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**जलेश्वर नगरपालिका**
महोत्तरी, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

### ‘व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।’

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**बलान बिहुल गाउँपालिका**
सप्तरी, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

### ‘व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।’

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**देवानगन्ज गाउँपालिका**
सप्तरी, मधेश प्रदेश

# संघीय लोकतान्त्रिक मोर्चाको जनजारण अभियान कैलालीमा सम्पन्न




कैलाली । संघीय लोकतान्त्रिक मोर्चाको घोरीघोरास्थित सुखडमा वर्तमान राजनीतिक अवस्था बारे, "जनजागरण अभियान" कार्यक्रम नागरिक उन्मुक्ति पार्टीका संरक्षक रेशम चौधरीको अध्यक्षता र महन्थ ठाकुरको प्रमुख आतिथ्यमा सम्पन्न भएको छ । कार्यक्रममा मोर्चाका शीर्ष नेताहरुले मन्तव्य राखेका थिए ।

मोर्चाका नेता महन्थ ठाकुर, रेशम चौधरी, केशव झा, विद्युत बज्राचार्य, उपेन्द्र उपाध्याय, फोनिराम थारु, दान बहादुर विश्वकर्मा, गंगाराम थारु, इन्दिरा गिरि लगायतले मन्तव्य राखेका थिए ।

कार्यक्रममा बोल्दै लोसपा नेपालका अध्यक्ष महन्थ ठाकुरले अधिकार र पहिचानको निम्ति थारु र मधेशीका सयौं सपुतहरुले बलिदानी दिए तर हामीले अधिकार नपाएको बताए। जनताले अस्वीकार गरेर राजतन्त्र ढल्न सक्छ भने अहिलेको शासनसत्ता पनि जनताले चाह्यो भने एकछिनमा ढालिदिन सक्छ। संघीयता देशमा आएपनी अधिकार नपाएको बताए। यो मोर्चा संघर्ष गर्नलाई बनेको बताए।

कार्यक्रममा बोल्दै नागरिक उन्मुक्ति पार्टीका संरक्षक रेशम चौधरीले थारु-मधेशी लगायत सबै उत्पीडितहरुको एकताको निम्ति मोर्चा गठन गर्नु परेको बताए । यसपालि रुपन्देहीमा हुने उपनिर्वाचन मोर्चाको परिक्षा भएकोले जसरी पनि जित्नु पर्ने बताए।थारु भएकै कारण आफुहरुसंग अन्याय र विभेद भएको बताए ।

कार्यक्रममा बोल्दै राष्ट्रिय मुक्ति पार्टीका महासचिव केशव झाले औपनिवेशिक सरकारको रवैयाले तीन करोड नेपाली जनता कोई पनि खुशी नरहेको बताए । धेरै मिहिनेत पश्चात् उत्पीडित जनताहरुको चाहना अनुसार मोर्चा गठन भएकोले कसैले कमजोर बनाउने षड्यन्त्र गर्न नहुने बताए । राजनीति स्थिरता, अधिकार पहिचान सहितको संविधान संशोधन, आर्थिक उन्नतिको निम्ति मोर्चा अपरिहार्य रहेको बताए।

कार्यक्रममा बोल्दै जनता समाजवादी पार्टी नेपालका उपाध्यक्ष विद्युत बज्राचार्यले २५०/३०० वर्षदेखि शासकवर्गले हामी उत्पीडित समुदायलाई विभाजन गरेर शासन गरिरहेकोले पहिचान पक्षधर एकठाँउमा उभिन मोर्चा गठन गरेको बताए ।

कार्यक्रममा बोल्दै जनता प्रगतिशील पार्टीका नेता उपेन्द्र उपाध्यायले देशमा भ्रष्टाचार र कुशासन बढेकोले त्यसको अन्त्यको निम्ति मोर्चा गठन गरेको बताए ।

कार्यक्रममा थारु सँस्कृती झल्काउने विभिन्न नृत्यहरु प्रस्तुत गरिएको थियो। मोर्चाले देशव्यापी रुपमा जनजागरण अभियान संचालन गरिरहेको छ।

# पचरौता मेयरको 'सुरक्षा थ्रेट' रहस्य: पहुँचको खेल कि कानूनको उल्लंघन ?

बारा । सुरक्षा जोखिम नभएको अवस्थामा समेत पचरौता नगरपालिकाका मेयर जलन्धर सिंहलाई व्यक्तिगत सुरक्षा अधिकारी (एक्इ) उपलब्ध गराइएको तथ्य सार्वजनिक भएपछि स्थानीयवासीदेखि कानुनविदसम्म चासो बढेको छ। बारा जिल्ला सुरक्षा समितिलाई समेत यसबारे औपचारिक जानकारी नहुँदा, सुरक्षा निकायको परिचालनमा पारदर्शिता र प्रक्रियामाथि प्रश्न उठेको छ ।

स्थानीयवासीका अनुसार मेयर सिंहमाथि कुनै पनि प्रकारको प्रत्यक्ष सुरक्षा खतरा छैन । बरु उनी "बाराको सबैभन्दा बढी विवाद र झगडा गर्ने नगरप्रमुख" को रूपमा चर्चित छन्। पचरौतामा विवाद उत्पन्न हुँदा आफ्नो प्रभुत्व जमाउन र सामाजिक हैसियत प्रदर्शन गर्न राज्यको स्रोत प्रयोग गरेको आरोप छ ।एक स्थानीय बासिन्दाले भने– "यो केवल प्रभाव देखाउने खेल हो । जनता त झन् असुरक्षित महसुस गरिरहेका छन् ।" स्थानीयले आरोप लगाएअनुसार, मेयर सिंहले राज्य शक्तिको निजी प्रयोग गर्दै सुरक्षा कर्मीलाई 'राजनीतिक आडम्बर' का रूपमा प्रयोग गरेका छन्।

नेपालमा व्यक्तिगत सुरक्षा अधिकारी ( एक्इ) उपलब्ध गराउने प्रक्रिया कानुन र सुरक्षा निकायको आन्तरिक नियमावलीअनुसार कडाइका साथ लागु हुनुपर्ने प्रावधान छ । यो सुविधा प्राय: प्रधानमन्त्री, मन्त्री, संवैधानिक पदाधिकारी वा वास्तविक सुरक्षा जोखिममा रहेका व्यक्तिहरूलाई मात्र दिने चलन छ ।

कुनै पनि स्थानीय तहको जनप्रतिनिधिले ( एक्इ) पाउन, जिल्ला सुरक्षा समितिको सिफारिस र गृह मन्त्रालयको अनुमोदन आवश्यक हुन्छ ।

तर, बारा जिल्ला सुरक्षा समितिका अधिकारीहरूले "हामीलाई कुनै जानकारी छैन" भनेर स्पष्ट गरेपछि, प्रक्रिया उल्लंघन भएको आशंका बलियो बनेको छ । नेपालमा यसअघि पनि सांसद, पूर्वमन्त्री, र पहुँच भएका व्यापारीसम्मलाई आवश्यकताभन्दा बढी सुरक्षाकर्मी दिने विवाद चलेको छ। संसदमै "अत्यधिक सुरक्षा फिर्ता गर्न" माग उठिसकेको छ । यो प्रवृत्ति रोक्ने प्रतिवद्धता राजनीतिक घोषणामा भए पनि व्यवहारमा भने कमी देखिएको छ ।

बार एसोसिएसन नेपाल बाराका एक कानुन ब्यवसाहि अनुसार यदि ( एक्इ) उपलब्ध गराउने निर्णय बिना प्रक्रिया र गलत विवरणका आधारमा भएको हो भने, यो निम्न कानुनी दायरामा पर्न सक्छ । भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार गैर-आवश्यक रूपमा सरकारी स्रोत व्यक्तिगत प्रयोजनमा प्रयोग गरे आरोप लाग्न सक्छ ।


## सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

मुखियापट्टि मुसहरनिया गाउँपालिका
धनुषा, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

पिपरा गाउँपालिका
महोत्तरी, मधेश प्रदेश






## सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

चन्द्रनगर गाउँपालिका
सर्लाही, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

महोत्तरी गाउँपालिका
महोत्तरी, मधेश प्रदेश

# भारतको ७९ औं स्वतन्त्रता दिवस मनाउँदै

## राजदूतको सन्देश



भारतको ७९ औं स्वतन्त्रता दिवसको अवसरमा भारतीय साथीहरू तथा भारतका मित्रहरूमा म न्यानो अभिवादन टक्र्याउन चाहन्छु ।

अमृत कालमा विकसित राष्ट्र बन्ने भारतको यात्रा थप गतिशील छिमेकी पहिलो नीतिमा समेत प्रकट भएको छ जसको मार्गदर्शक सिद्धान्त सबका साथ, सबका विकास, सबका विश्वास, सबका प्रयास रहेको छ । नेपालसँगको हाम्रो सम्बन्धमा पनि यो कुरा झल्किएको छ जहाँ पारस्परिक लाभका हेतु सहस्राब्दी पुरानो सभ्यतागत सम्बन्धहरू आधुनिक साझेदारीमा रूपान्तरण हुँदैछन् ।

सन् २०२५ अप्रिलमा बैंककमा आयोजित छैटौं बिमस्टेक शिखर सम्मेलनको साइडलाइनमा हाम्रा प्रधानमन्त्रीहरूको भेटघाट, सन् २०२५ फेब्रुवरीमा ओमानमा आयोजित हिन्द महासागर सम्मेलनको साइडलाइन र सन् २०२५ मार्चमा नयाँ दिल्लीमा आयोजित रायसिना डायलगको साइडलाइनमा हाम्रा परराष्ट्रमन्त्रीहरू बीचको भेटघाट र पछिल्ला केही महिनाहरूमा दुवै देशबाट भएका कैयौं मन्त्रीस्तरीय भ्रमणहरूसहित भारत र नेपालका नेताहरू बीचको उच्चस्तरीय भेटघाट हाम्रा दुई देशहरू बीचको मित्रताको बलियो बन्धनका प्रमाणहरू हुन् । यी भेटघाटले भारत र नेपाल बीचका महत्वपूर्ण द्विपक्षीय संयन्त्रहरूको बैठकका सम्बन्धमा सफल परिणामहरू हासिल गरेका छन् ।

नेपालको सबैभन्दा ठूलो व्यापारिक साझेदार र विदेशी लगानी र पर्यटनको सबैभन्दा ठूलो स्रोतको रूपमा भारत नेपालको आर्थिक विकासको यात्रामा एक विशेष सुविधा प्राप्त साझेदार रहेको छ र रहिरहनेछ ।

सडक, पुल र रेल लिङ्कको निर्माणले गतिशीलता र यातायातलाई सहज बनाएको छ; भारतको यूपीआई र नेपालको फोनपे बीचको अन्तरसञ्चालनशीलताले डिजिटल भुक्तानीलाई सहज बनाएको छ जसले द्विपक्षीय पर्यटनलाई पनि टेवा पुऱ्याएको छ; ऊर्जा क्षेत्रमा सहकार्य विशेष गरी नयाँ जलविद्युत परियोजनाहरूको विद्युत विकासमा व्यापार र नयाँ प्रसारण लाइनहरूको उद्घाटनले दुवैतर्फ दिगो ऊर्जा वृद्धिलाई सहयोग गरेको छ । नेपालबाट भारत र भारतीय ग्रिड हुँदै बंगलादेशमा भएको विद्युत निर्यात क्षेत्रीय ऊर्जा सहकार्यमा कोशेढुङ्गा साबित भएको छ । नेपालले नेरू. १७ अर्ब भन्दा बढी राजस्व आर्जन गरेको हुनाले विद्युत निर्यात नेपालका लागि लाभदायक भएको छ ।

नेपालका प्राथमिकता अनुरूप सोचविचार गरी चुनिएका र भारतको सहयोगमा अघि बढाइएका थुप्रै पूर्वाधार र विकास परियोजनाहरूको तीव्र प्रगति र दिगो गतिमा भारतको नेपालको विकासप्रतिको अटल प्रतिबद्धता प्रतिबिम्बित हुन्छ । गत एक वर्षमा विद्यालय, अस्पताल र स्वास्थ्य चौकीहरू लगायत धेरै विकास परियोजनाहरूको उद्घाटन गरिएको छ ।

हाम्रा दुवै सरकारहरू नयाँ अन्तरदेशीय रेलवे लिङ्कहरू, थप एकीकृत जाँच चौकीहरू र पेट्रोलियम पाइपलाइनहरू सहित अन्य विभिन्न सञ्चालनमा रहेका पूर्वाधार र कनेक्टिभिटी परियोजनाहरू चाँडै सम्पन्न होस् भन्ने सुनिश्चित गर्ने काम गरिरहेका छन् ।

जब जब प्राकृतिक प्रकोपले नेपाललाई पिरोलेको छ चाहे त्यो सन् २०२३ मा जाजरकोटमा गएको भूकम्प होस् वा सन् २०२४ सेप्टेम्बरमा आएको बाढी होस्, भारत अग्रपंक्तिमा रहि नेपाललाई सहयोग प्रदान गर्दै आएको छ ।

हामीले कृषि, स्वास्थ्य, क्षमता निर्माण, शिक्षा, स्टार्टअप क्षेत्र, अन्तरिक्ष र खेलकुद विशेष गरी क्रिकेट जस्ता क्षेत्रमा हाम्रो सहकार्यलाई थप विस्तार गर्नका लागि हाम्रा नेपाली साथीहरूसँग मिलेर काम गरिरहेका छौं । यस दिशामा, ऊर्जा, कृषि, खानेपानी सरसफाइ तथा स्वच्छता (वास) क्षेत्रमा सहकार्यका लागि हालैको समयमा समझदारी पत्रमा हस्ताक्षर गरिएको छ ।

यस प्रयासमा नेपालमा रहेको भारतीय समुदायले महत्वपूर्ण र प्रशंसनीय भूमिका खेलेको छ । हाम्रा दुई राष्ट्रहरू बीचको सम्बन्धलाई थप प्रगाढ बनाउने उद्देश्य सहितको राजदूतावासको पहललाई अटुट समर्थन गरेकोमा म समुदायलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

आनन्दमय र अविस्मरणीय ७९ औं स्वतन्त्रता दिवसको अवसरमा म यहाँहरू सबैलाई हार्दिक शुभकामना व्यक्त गर्दछु ।

जय हिन्द [redacted]

(नवीन [redacted])

## भारत-नेपाल सम्बन्ध बलियो बनाउँदै



भारतका माननीय प्रधानमन्त्री श्री नरेन्द्र मोदीले सन् २०२५ अप्रिल ४ मा बैंककमा आयोजित छैटौं बिमस्टेक शिखर सम्मेलनको साइडलाइनमा नेपालका सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीसँग भेट गर्नुभयो ।
सन् २०२५ अप्रिल २३ मा प्रधानमन्त्री नरेन्द्र मोदीसँगको टेलिफोन वार्तामा प्रधानमन्त्री केपी शर्मा ओलीले जम्मू-कश्मीरको पहलगाममा भएको जघन्य आतङ्कवादी हमलाको कडा निन्दा गर्दै उक्त घटनामा ज्यान गुमाएकाहरूप्रति हार्दिक समवेदना प्रकट गर्नुभयो ।



भारतका माननीय ग्रामीण विकास, कृषि एवम् किसान कल्याण मन्त्री श्री शिवराज सिंह चौहानले तेस्रो बिमस्टेक कृषि मन्त्रीस्तरीय बैठकमा सहभागीता जनाउन सन् २०२५ अप्रिल ८-१० सम्म नेपालको भ्रमण गर्नुभयो । भ्रमणका दौरान माननीय मन्त्रीले नेपालका सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीसँग शिष्टाचार भेटवार्ता गर्नुभयो । सन् २०२५ अप्रिल ९ मा दुई देशबीच कृषि सहकार्य सम्बन्धी एक समझदारी पत्रमा पनि हस्ताक्षर भएको थियो ।




भारतका माननीय विद्युत तथा आवास एवम् शहरी मामिला मन्त्री श्री मनोहर लालले सन् २०२५ अप्रिल २२-२३ सम्म नेपालको भ्रमण गर्नुभयो । भ्रमणका दौरान माननीय मन्त्रीले नेपालका माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री श्री दिपक खड्कासँग भेटवार्ता गर्नुभयो; ९०० मेगावाटको अरूण तेस्रो जलविद्युत परियोजनाको प्रगतिको समीक्षा गर्नुभयो । भ्रमणका क्रममा माननीय मन्त्रीले नेपालका सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीसँग शिष्टाचार भेटवार्ता गर्नुभयो ।




नेपालका माननीय परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले सन् २०२५ फेब्रुवरी १६ मा ओमानमा आयोजित हिन्द महासागर सम्मेलन (आईओसी)-२०२५ को साइडलाइनमा र सन् २०२५ मार्चमा नयाँ दिल्लीमा आयोजित रायसिना डायलगको साइडलाइनमा माननीय विदेशमन्त्री डा. एस. जयशंकरसँग भेट गर्नुभयो ।



सन् २०२५ मे १५-१७ सम्म काठमाडौंमा आयोजित सगरमाथा संवाद २०२५ मा सहभागीता जनाउन भारतका माननीय पर्यावरण, वन एवम् जलवायु परिवर्तन मन्त्री श्री भूपेन्द्र यादवले नेपालको भ्रमण गर्नुभयो । भ्रमणका क्रममा माननीय मन्त्रीले नेपालका सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीसँग शिष्टाचार भेटवार्ता गर्नुभयो ।



नेपालको सुदूरपश्चिम प्रदेशका माननीय मुख्यमन्त्री श्री कमल बहादुर शाहले नेतृत्व गर्नुभएको एक प्रतिनिधिमण्डलले सन् २०२५ अप्रिल २९ देखि मे ५ सम्म भारतको भ्रमण गरेको थियो । भ्रमणको क्रममा वहाँले उत्तर प्रदेशका मुख्यमन्त्री श्री योगी आदित्यनाथ, उत्तराखण्डका मुख्यमन्त्री श्री पुष्कर सिंह धामी र भारतका विदेश एवम् पर्यावरण, वन एवम् जलवायु परिवर्तन राज्यमन्त्री श्री कीर्ति वर्धन सिंहसँग भेटघाट गर्नुभएको थियो ।



नेपालका माननीय खानेपानी मन्त्री श्री प्रदीप यादवले सन् २०२५ मार्चमा भारतको भ्रमण गर्नुभएको थियो । वहाँको भ्रमणको क्रममा फोहोर व्यवस्थापन सहित खानेपानी, सरसफाइ र स्वच्छता (वास) क्षेत्रमा सहकार्यलाई सुदृढ गर्न भारत र नेपालबीच एक समझदारी पत्रमा हस्ताक्षर भएको थियो ।

## रक्षा सहकार्य





सुरक्षा विषयसम्बन्धी भारत-नेपाल द्विपक्षीय परामर्श समूह (आईएनबिसिजिएसआई) को १६ औं बैठक सन् २०२५ जुन २३-२४ सम्म भारतको पुणेमा सम्पन्न भयो जहाँ रक्षा सहकार्यका विभिन्न विषयमाथि छलफल भयो । दुई देशबीचको रक्षा सहकार्यसँग सम्बन्धित सबै विषयहरू आईएनबिसिजिएसआईको ढाँचा अन्तर्गत सम्बोधन गरिन्छ ।




सन् २०२५ अप्रिल ९ देखि जुन २ सम्म कञ्चनजङ्घा हिमालमा भारत-नेपाल संयुक्त पर्वतारोहण अभियान सफलतापूर्वक सम्पन्न भएको थियो । टोलीमा दुवै सेनाका १०-१० जना सदस्यहरू सहभागी थिए । भारतीय सेनाको अभियान टोलीको नेतृत्व कर्णेल सरफराज सिंह, भिएसएमले गरेका थिए भने नेपाली सेनाको अभियान टोलीको नेतृत्व मेजर गजेन्द्र देउवाले गरेका थिए ।

## साँस्कृतिक संलग्नता



आईसीसीआरको ७५ औं वार्षिकोत्सव मनाउन काठमाडौंस्थित भारतीय राजदूतावासले सन् २०२५ मे ४ मा एक साँस्कृतिक साँझ र भूतपूर्व विद्यार्थीहरूको भेटघाट कार्यक्रमको आयोजना गरेको थियो । कार्यक्रममा पूर्व राष्ट्रपति डा. रामवरण यादव प्रमुख अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो । सो अवसरमा डा. यादवले टाँकीको रूख रोप्नुभएको थियो र कार्यक्रममा आईसीसीआरका विद्यार्थी र पूर्व विद्यार्थीले प्रस्तुति दिएका थिए ।





११ औं अन्तर्राष्ट्रिय योग दिवस मनाउन नेपालस्थित भारतीय राजदूतावासले काठमाडौं, पोखरा, लमजुङ, लुम्बिनी, जनकपुर, चितवन, वीरगंज, हेटौंडा, रौतहट र बरियारपुरसहित नेपालका १० वटा शहरमा शृङ्खलाबद्ध रूपमा विभिन्न कार्यक्रमको आयोजना गरेको थियो । समग्रमा नेपालभरिका १२,००० भन्दा बढी मानिसहरूको सहभागीता थियो ।



बुद्ध पूर्णिमाको पावन अवसरमा भारतीय राजदूतावास र लुम्बिनी विकास कोषले सन् २०२५ मे ११ मा मायादेवी मन्दिरमा भगवान् बुद्धको जीवनमा आधारित चित्रकला प्रदर्शनीको आयोजना गरेको थियो । सो अवसरमा भारत र नेपालका भिक्षुहरूले पवित्र मन्त्रहरू वाचन गरेका थिए । सन् २०२५ जुलाई १० मा आषाढ पूर्णिमाको अवसरमा दूतावासले एक प्रार्थना समारोहको आयोजना गरेको थियो जसमा नेपालभरका भिक्षु र गुम्बाका प्रतिनिधिहरू सहभागी थिए ।

## क्रिकेट साझेदारी



क्रिकेट सहकार्यले भारत र नेपालबीचको गहिरो र सदियौं पुरानो ऐतिहासिक सम्बन्धमा नयाँ आयाम थपेको छ । सहकार्यको हिस्सा अनुरूप भारत सरकारको सहयोगमा बेङ्गलुरुस्थित बीसीसीआई सेन्टर अफ एक्सिलेन्सले सन् २०२५ जुलाई २१ देखि अगस्ट ३ सम्म व्यावसायिक प्रशिक्षण शिविरका लागि नेपालको पुरूष राष्ट्रिय क्रिकेट टोलीलाई आतिथ्य प्रदान गऱ्यो । काठमाडौंस्थित भारतीय राजदूतावासले सन् २०२५ जुलाई १५ देखि अगस्ट १४ सम्म भोपालमा एक महिना लामो उच्चस्तरीय प्रशिक्षणका लागि ३ आशालाग्दा अन्डर-१९ नेपाली क्रिकेटरहरूलाई पनि सहयोग गरेको थियो ।

## विकास साझेदारी

उच्च प्रभाव सामुदायिक विकास परियोजनाहरू (एचआइसीडीपीहरू) गतिविधि

सन् २००३ देखिका परियोजनाहरू
- कुल परियोजनाहरू: ५७४ एचआइसीडीपीहरू
- सम्पन्न भइसकेका: ४९६ परियोजनाहरू
- हाल जारी रहेका: ७८ परियोजनाहरू
- कुल लागत: नेरू. १३६७ करोड

परियोजनाहरू (सन् २०२४ अगस्ट – सन् २०२५ जुलाई)
- उद्घाटन गरिएका: १४ परियोजनाहरू
- सुरुवात /समझदारी पत्रमा हस्ताक्षर गरिएका: २७ परियोजनाहरू
- शिलान्यास गरिएका: १२ परियोजनाहरू





सन् २०२५ मा उपहारस्वरूप प्रदान गरिएका एम्बुलेन्स र विद्युतीय कारहरू:
- एम्बुलेन्स: ४०
- विद्युतीय कारहरू: १५
- हालसम्मको कुल संख्या: १०४९ एम्बुलेन्स, ३०० स्कुल बस र १५ विद्युतीय कारहरू

## ऊर्जा सहकार्य




भारत-नेपाल ऊर्जा सहकार्यमा नयाँ अध्याय थप्दै भारतका माननीय विद्युत तथा आवास एवम् शहरी मामिला मन्त्री श्री मनोहर लालले सन् २०२५ अप्रिल २२-२३ सम्म नेपालको महत्वपूर्ण भ्रमण गर्नुभयो । नेपालका ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री श्री दिपक खड्का र दुवै देशका वरिष्ठ अधिकारीहरूसँगै माननीय मन्त्रीले क्षेत्रीय कनेक्टिभिटी र दिगो ऊर्जा विकास अभिवृद्धि गर्ने उद्देश्यले प्रमुख द्विपक्षीय ऊर्जा पहलहरूको समीक्षा गर्नुभयो । भ्रमणको क्रममा भारतको महारत्न केन्द्रीय सार्वजनिक क्षेत्र उद्यम (सीपीएसई) पावरग्रिड र नेपाल विद्युत प्राधिकरणबीच एक समझदारी पत्रमा हस्ताक्षर भएको थियो ।

## राहत र आपूर्ति



भारत सरकारले सिकल सेल एनिमिया र थालेसेमियाको व्यवस्थापनका लागि नेपाल सरकारलाई २ मिलियन अमेरिकी डलर बराबरको खोप/औषधि हस्तान्तरण गऱ्यो । सन् २०२५ अप्रिल २५ मा राजदूत श्री नवीन श्रीवास्तवले माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री प्रदीप पौडेललाई काठमाडौंमा खोप र औषधि हस्तान्तरण गर्नुभयो ।



## शिक्षा तथा क्षमता निर्माण

| | |
|---|---|
| ५०० | नेपालमा कक्षा ११ र १२ मा अध्ययन गर्नका लागि महात्मा गान्धी छात्रवृत्ति योजना (एमजीएसएस) अन्तर्गत सिटहरू । |
| २०० | नेपालमा विभिन्न स्नातक तहका विषयहरू अध्ययन गर्नका लागि स्वर्ण जयन्ती छात्रवृत्ति योजना (जीजेएसएस) अन्तर्गत सिटहरू । |
| ७०० | भारतमा विभिन्न स्नातक, स्नातकोत्तर र विद्यावारिधि तहका विषयहरू अध्ययन गर्नका लागि सिटहरू । |
| ३३ | भारतको आर्मी पब्लिक स्कुलहरूमा अध्ययन गर्नका लागि सिटहरू । |



गत एक वर्षमा भारतले नेपाली नागरिकहरूका लागि भारत र नेपालमा विभिन्न कोर्षहरूका लागि लगभग १५०० छात्रवृत्ति प्रदान गऱ्यो ।



गत एक वर्षमा ५०८ नेपाली अधिकारी र पेशाकर्मीहरूले भारत सरकारको भारतीय प्राविधिक तथा आर्थिक सहकार्य (आइटेक) कार्यक्रम अन्तर्गत IITs, IIMs, NLU र MANAGE सहित भारतका ३० संस्थानहरूमा करिब ६० विभिन्न कोर्षहरूको तालिममा सहभागिता जनाएका थिए ।

## डिपीआई




काठमाडौं विश्वविद्यालयको चार सदस्यीय प्रतिनिधिमण्डलले सन् २०२५ मे १८-२३ सम्म भारतको भ्रमण गरेको थियो । उक्त भ्रमण भारतमा डिजिटल पब्लिक ईन्फ्रास्ट्रक्चर (डिपीआई) को सफल कार्यान्वयनको अवलोकन गर्नुका साथै नेपालमा समेत त्यस्तै किसिमको पूर्वाधार बनाउने कुरामा केन्द्रित रहेको थियो ।

## स्टार्टअप कनेक्ट




काठमाडौंस्थित भारतीय राजदूतावासले सन् २०२५ फेब्रुवरी ७ मा दोस्रो भारत-नेपाल स्टार्टअप कनेक्ट: कर्टेन रेजर फर स्टार्टअप महाकुम्भ (एसएमके) २०२५ आयोजना गऱ्यो । नयाँ दिल्लीमा आयोजित एसएमके २०२५ मा रहेको नेपाली पभेलियनमा २० नेपाली स्टार्टअपहरूले अन्तरिक्ष विज्ञान, आईटी, एआई, जलवायु प्रविधि, एडटेक र कृषि प्रशोधन जस्ता विभिन्न क्षेत्रहरूमा आफ्ना नवीन विचार, नवीन पद्धति वा उत्पादन प्रस्तुत गरेका थिए । काठमाडौंस्थित भारतीय राजदूतावासले दश जना उदीयमान नेपाली स्टार्टअप संस्थापकहरूलाई उक्त कार्यक्रममा सहभागीता जनाउनका लागि प्रायोजन गरेको थियो ।

# नेपाल-भारत कायस्थ एकताको सन्देशसहित डा. दत्तको गुजरात यात्रा



काठमाडौं । मधेशी आयोगका प्रथम निवर्तमान अध्यक्ष डा. विजयकुमार दत्तलाई भारत भ्रमणको क्रममा गुजरातको बडोदरा सहरमा भव्य स्वागत गरिएको छ। हाल भारत भ्रमणमा रहेका डा. दत्त विशेष रूपमा गुजरातमा रहेका कायस्थ समुदायका सदस्यहरूसँग भेटघाट तथा अन्तरक्रिया कार्यक्रममा सहभागी हुन पुगेका हुन्।

गुजरात भ्रमणको अवसरमा उनलाई गुजरात संसदका पूर्व सांसद मनुभाई श्रीवास्तव, अखिल भारतीय कायस्थ महासभाका राष्ट्रिय महासचिव डा. कृष्ण कुमार श्रीवास्तव, कायस्थ महिला समाजकी अध्यक्ष, विभिन्न राजनीतिक दलका प्रतिनिधिहरू, सामाजिक अभियन्ता तथा गुजरातका चर्चित व्यापारीहरूले फूलमाला र सम्मानपत्रसहित आतिथ्यपूर्ण स्वागत गरेका थिए।

कार्यक्रममा सम्बोधन गर्दै पूर्व अध्यक्ष डा. दत्तले कायस्थ समाजलाई आपसी एकता र सहयोगको भावनामा जोड दिँदै, “कायस्थको उत्थानका लागि एकजुट भई संगठित रूपमा अगाडि बढ्न आवश्यक छ,” भन्ने आव्हान गरेका छन्। उनले नेपाल, भारत र विश्वभर छरिएका कायस्थ समुदायका सदस्यहरूलाई समस्याको बेला एक-अर्कालाई सहयोग गर्ने परम्परा कायम राख्न आग्रह गरेका छन्।

गुजरात बसाइका क्रममा डा. दत्तले विश्वकै अग्लो प्रतिमा ‘क्तबतगभ या ग्लष्तथ’ र ऐतिहासिक तथा धार्मिक महत्त्वको कुबेर मन्दिरको समेत अवलोकन गरेका छन्। साथै, उनले गुजरातमा बसेका नेपाली समुदायका प्रतिनिधिहरूसँग पनि भेटवार्ता गर्दै नेपाल- भारतबीचको ऐतिहासिक, सांस्कृतिक र सामाजिक सम्बन्ध अझ मजबुत बनाउनुपर्नेमा जोड दिएका छन्। डा.दत्तको सचिवालयको अनुसार, डा. दत्तको यो भ्रमणले नेपाल र भारतका कायस्थ समुदायबीचको आपसी समझदारी र सहकार्यको वातावरणलाई अझ सुदृढ गर्ने विश्वास लिइएको छ।

## मधेश प्रदेशको खानेपानी संकट समाधानका लागि भारतका विज्ञ टोलीसँग छलफल




काठमाडौं । मधेश प्रदेशमा देखिएको गम्भीर खानेपानी संकट समाधानका लागि भारत सरकारका विज्ञ टोलीहरूसँग महत्वपूर्ण बैठक सम्पन्न भएको छ ।


खानेपानीमन्त्री प्रदीप यादवको विशेष निमन्त्रणामा नेपाल आएको भारतीय विज्ञ टोलीसँग मधेश प्रदेशमा देखा परेको खानेपानी संकट र यसको दीर्घकालीन समाधानका विषयमा सोमबार सिंहदरबारमा गहन छलफल भएको जनाइएको छ ।

उक्त भोलि मंगलबारदेखि तराई-मधेशका संकटग्रस्त जिल्लाहरूमा पुगेर स्थलगत अनुगमन गरी समस्या समाधानका लागि आवश्यक कार्ययोजना निर्माणमा खटिने मन्त्री यादवले जनाएका छन् ।

खानेपानीको संकट सबैभन्दा तीव्र रूपमा वीरगंज महानगरपालिकामा देखिएको छ भने बारा र अन्य जिल्लाका विभिन्न वडाहरूमा पनि पानी अभावले गम्भीर चुनौतीहरू निम्त्याइरहेका छन्।

नेपाल सरकार मधेश प्रदेशका जनताको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउने उद्देश्यले नेपाल-भारत सहकार्यलाई अझ प्रभावकारी र परिणाममुखी बनाउन प्रतिबद्ध रहेको उनले जनाए ।

भारत सरकार जलशक्ति मन्त्रालयसँग केही महिना अघि हस्ताक्षर भएको समझदारी पत्रको फलस्वरूप सहकार्य सम्भव भएको मन्त्री यादवले बताए । यसले नेपाल-भारत सम्बन्धलाई अझ सुदृढ बनाउने विश्वास मन्त्री यादवले व्यक्त गरेका छन् ।




## जिल्ला समाचार

### मधेशका मुख्यमन्त्री र भारतका जल शक्ति विज्ञहरूसँग भेटघाट



जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहसँग भारतको जल शक्ति मन्त्रालयका प्राविधिक विज्ञहरूको ३ सदस्यीय प्रतिनिधिमण्डलले भेटघाट गरेका छन् । भेटका क्रममा प्रतिनिधिमण्डलले भूगर्भीय पानीको अवस्थाको विस्तृत मूल्याङ्कन गर्न तथा पानीको अभाव समाधानका उपायहरू सुझाव दिने योजना प्रस्तुत गरेको छ। टोलीले आगामी दिनमा मधेश प्रदेशका विभिन्न जिल्लाहरूको भ्रमण गरी भूगर्भीय पानीको अवस्था सम्बन्धी आवश्यक अनुसन्धान गर्नेछ। भारतीय प्रतिनिधिमण्डलमा जल शक्ति मन्त्रालयका प्राविधिक विज्ञहरू आशिष पाण्डे, जगदम्बा प्रसाद र प्रसान्त राय सहभागी थिए । मुख्यमन्त्री सिंहले प्रतिनिधिमण्डलको अनुसन्धान तथा सुझावले प्रदेशमा दिगो पानी व्यवस्थापन र भू-जल संरक्षणमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरे ।

### मधेश प्रदेश सरकारद्वारा अहिलेसम्मकै उच्च आन्तरिक राजश्व संकलन

जनकपुरधाम । आर्थिक वर्ष ०८१ / ८२ मा ५ अर्व ५४ करोड ७२ लाख ३३ हजार रुपैया आन्तरिक राजश्व संकलन गरेको छ । मधेश प्रदेश सरकारले विगत वर्षहरुको तुलनामा आर्थिक वर्ष २०८१ / ८२ मा आन्तरिक राजश्व संकलनमा उल्लेखनीय प्रगति हो । विगत वर्षहरूसँग तुलना गर्दा २०८१/८२ मा संकलित रकम सात वर्ष अघिको भन्दा दोब्बरभन्दा बढी भएको अर्थ मन्त्रालयका सचिव रामकुमार महतोले जानकारी दिनुभयो । महतोका अनुसार कर प्रशासन सुदृढीकरण, राजस्व चुहावट नियन्त्रण, डिजिटल प्रणालीको विस्तार र आन्तरिक आर्थिक गतिविधि वृद्धिका कारण यो उल्लेखनीय प्रगति सम्भव भएको हो। प्रदेश सरकारले आव ०७५/७६ मा २ अर्व ६६ करोड १५ लाख ३६ हजार , आव ०७६ / ७७ मा २ अर्व ७५ करोड ७२ लाख ४१ हजार, आव ०७७ / ७८मा १ अर्व ९५ करोड ४८ लाख ५१ हजार आन्तरिक राजश्व संकलन गरेको छ थियो । यसैगरि आव ०७८/०७९ मा २ अर्व ८८ करोड ६ लाख ३२ हजार, ०७९ / ८० मा ३ अर्व ९० करोड २५ लाख २८ हजार र आव २०८०/ ८१ मा ३ अर्व ५ करोड ९२ लाख ३१ हजार राजश्व संकलन गरेको थियो ।

### आजपाको प्रसौनी गापा कमिटी पुनर्गठन

कलैया । आम जनता पार्टी (आजपा) बाराको प्रसौनी गाउँपालिका कमिटी पुनर्गठन भएको छ । मनोज कुशवाहाको अध्यक्षतामा ७७ सदस्यीय प्रसौनी गाउँपालिका कमिटी पुनर्गठन भएको हो । आजपा बारा जिल्ला अध्यक्ष राजकिशोर साहका अनुसार कमिटीका उपाध्यक्षमा हरिन्द्रप्रसाद कुशवाहा, दिपेन्द्र साह, हृदय चौरसिया, उमेश कुशवाहा, सचिवमा रुपेश कुशवाहा, सहसचिवमा मुकेश कुशवाहा, संदिप कुशवाहा, सहिम मियाँ र कोषाध्यक्षमा बन्दना गुप्ता कानु रहेका छन् । यसैगरी कमिटीको सदस्यहरुमा शिवनन्दन प्रसाद कुशवाहा, विकेश कुशवाहा, मोसाफिर चौरसिया, असर्फी चौरसिया, नागेश्वर चौरसिया, रामअयोध्या कुशवाहा, शम्भु साह, दिपेन्द्र साह, शिवनाथ साह, दैव्यकुमार कुशवाहा, रुसतम अंसारी, विवेक कुशवाहा, मनोज कुशवाहा, विपिन यादव, त्रिलोकी सहनी, सुनिल मण्डल, ओमप्रकाश मण्डल, जवाहिर चौरसिया लगायतका रहेको इन्चार्ज गणेश रामले जनाएका छन् । प्रसौनि गाउँपालिका कमिटीद्धारा आयोजित पालिका भेलालाई सम्बोधन गर्दै आजपा प्रदेश कमिटीका अध्यक्ष उमेश कुशवाहाले किसानलाई मल, खाद्य एवं विउविजन उपलब्ध गराउँन सरकारसंग माग गरेका छन् । समयमै पानी नपर्दा किसानले धान बाली लगाउन ढिलाई भएको र मलखाद्य समेत उपलब्लध नहुँदा किसानको बारेमा सरकार गम्भिर नभएको टिप्पणी उनले गरे । सरकारले मधेसलाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गरे पनि कुनै राहतको योजना नल्याउदा किसानलाई ठग्ने काम सरकारले गरेको कुशवाहाले बताए ।

समावेशी र समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्न र सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्न खोज्ने राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूसँग सामञ्जस्यता राखेको छ । यो नीतिले विद्यालय शिक्षा क्षेत्र योजना र बृहत् संघीय शिक्षा ढाँचामा उल्लिखित नेपालका शिक्षाका राष्ट्रिय लक्ष्यहरू पनि प्रतिविम्बित गर्दछ ।

मधेश प्रदेश सरकार
शिक्षा तथा संस्कृति मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

# वीरगन्जमा भारतीय कला संस्कृति झल्किने 'कथाकली' नृत्य प्रस्तुत

वीरगन्ज । भारतको ७९औँ स्वतन्त्रता दिवसको पूर्वसन्ध्यामा वीरगञ्जमा भारतीय कला संस्कृति झल्किने 'कथाकली' नृत्य प्रस्तुत गरिएको छ । काठमाडौँस्थित भारतीय दूतावास र भारतको महावाणिज्य दूतावास वीरगञ्जको आयोजनामा बुधबार बेलुका यहाँ नृत्य प्रस्तुत गरिएको हो ।



भारतको केरला राज्यमा निकै प्रख्यात मानिएको महाभारतको कथामा आधारित कथाकली नृत्यु केरलाबाट आएका नौ जना कलाकारले प्रस्तुत गरेका थिए । यहाँ उपस्थित मधेस प्रदेशका खेलकुद तथा समाज कल्याणमन्त्री प्रमोद जयसवालले नेपाल र भारतबीचको सांस्कृतिक सम्बन्धबारे चर्चा गरेका थिए ।

'नेपाल र भारतबीच सदियौँदेखि सांस्कृतिक र भावनात्मक सम्बन्ध रहँदै आइरहेको छ, उनले भने, जसकारण दुवै मुलुकबीच सौहार्दपूर्ण सम्बन्ध रहँदै आइरहेको छ । यसलाई थप सुदृढ गर्दै आपसी सद्भाव र सामजञ्यता कायम गर्न आवश्यक छ ।'

वीरगञ्ज महानगरपालिका प्रमुख राजेशमान सिंहले नेपाल र भारतबीचको सम्बन्धलाई अझै प्रगाढ बनाउँदै लैजानुपर्ने बताए। भारतको महावाणिज्य दूतावास वीरगञ्जका महावाणिज्यदूत देवी सहाय मिणाले भारत र नेपालबीच सदियौँदेखि सामाजिक र सांस्कृतिक सम्बन्ध कायम रहँदै बताए ।

'भारतीय स्वतन्त्रता आन्दोलनमा पनि नेपालका तर्फबाट उल्लेखनीय भूमिका निर्वाह गरिएको छ, उनले विगत स्मरण गर्दै भने, दुवै मुलुकबीच भाइचारा र सांस्कृतिक आदानप्रदान हुँदै आइरहेको छ । यो निकै प्रशंसनीय कार्य हो । यस सम्बन्धलाई अझै प्रगाढ बनाउन भारत प्रतिबद्ध छ ।'

कार्यक्रम इन्डियन काउन्सिल फर कल्चरल रिलेसनको संयोजनमा भएको हो ।

# नेपाल र भारतबीच द्विपक्षीय सम्बन्धलाई सुदृढ पार्न सम्झौता

काठमाडौं । नेपाल र भारतबीच द्विपक्षीय सम्बन्धलाई सुदृढ पार्न थिंक ट्याङ्क स्तरमा सम्झौता भएको छ । नेपालको इन्टरनेशनल रिलेसन एन्ड ग्लोबल डिप्लोमेसी डाइलग (आईआरजीडीडी) र भारतको इन्टरनेशनल काउन्सिल अफ वर्ल्ड अफियर्स (आईसीडब्लुए) बीच बिहीबार दिल्लीमा कूटनीति, संस्कृति, शिक्षा, व्यापार, मिडिया र अन्य क्षेत्रमा दीर्घकालीन सहयोगलाई बढाउन समझदारी पत्रमा हस्ताक्षर गरिएको हो।




आईसीडब्लुएद्वारा आयोजित कार्यक्रममा आईआरजीडीडीकी अध्यक्ष तथा पूर्वराजदूत शर्मिला पराजुली ढकाल र आईसीडब्लुएकी कार्यवाहक महानिर्देशक तथा अतिरिक्त सचिव राजदूत नूतन कपूर महावारबीच सम्झौता पत्रमा हस्ताक्षर भएको हो ।

सम्झौता अनुसार दुई संस्थाबीच पारस्परिक समझदारीलाई गहिरो बनाउन र सहयोगी संस्थागत सम्बन्धलाई प्रवद्धन गर्न साझा दृष्टिकोणको अवधारणा प्रस्तुत गर्नेछ। यसले अर्थपूर्ण संवाद र साझेदारीलाई सहज बनाउन कूटनीति, सामाजिक विज्ञान, सञ्चार र अन्तर्राष्ट्रिय सम्बन्ध लगायतका विभिन्न क्षेत्रहरूमा दुवै देशका महत्वपूर्ण व्यक्तित्वहरूलाई संलग्न गराउने लक्ष्य राखेको छ।

सम्झौता अनुसार दुवै पक्षले वैकल्पिक रूपमा भारत वा नेपालमा आयोजना हुने पारस्परिक हितका क्षेत्रीय र विश्वव्यापी मुद्दाहरूमा द्विपक्षीय सेमिनार, गोष्ठी र प्यानल छलफल जस्ता संयुक्त कार्यक्रमहरू आयोजना गर्नेछन् ।

आईआरजीडीडीकी अध्यक्ष ढकालले आईआरजीडीडी र आईसीडब्लुएबीचको सहकार्यले दक्षिण एसियामा अनुसन्धानमा आधारित, समानुभूतिपूर्ण कूटनीतिक संस्कृतिलाई प्रवद्धन गर्न योगदान पुर्‍याउने बताइन् ।

'हामी प्रतिक्रियालाई प्रतिबिम्बमा बदलौं, धारणालाई बुझाइमा बदलौं। साथ मिलेर कथालाई पुनः लेखौं,' ढकालले भनिन्, 'मलाई विश्वास छ कि आईआरजीडीडीले आईसीडब्लुएसगको साझेदारीमा दक्षिण एसिया र त्यसभन्दा बाहिर अनुसन्धानमा आधारित र अग्रगामी कूटनीतिक संस्कृति निर्माण गर्न सक्रिय रूपमा योगदान गर्नेछ ।'

आईसीडब्लुएकी कार्यवाहक महानिर्देशक र अतिरिक्त सचिव पूर्वराजदूत महावरले आईआरजीडीडी र आईसीडब्लुएले दुई देशहरू बीचको द्विपक्षीय सम्बन्धलाई प्रवद्धन गर्न समझदारी पत्रमा हस्ताक्षर गरेको बताइन्।

उनले भारत-नेपाल सम्बन्ध परम्परागत कूटनीतिभन्दा बाहिर रहेको र यही तथ्यले हामीलाई दुवै पक्षमा राजनीतिक उतारचढाव सहन सक्षम बनाउने बताइन् । उनले प्रधानमन्त्री नरेन्द्र मोदीको छिमेकी प्रथम नीति अन्तर्गत नेपाल एक अत्यन्त महत्वपूर्ण साझेदार भएको उल्लेख गरिन् ।

सम्झौता कार्यक्रममा महावर, नेपाल र भारत दुवै देशका कूटनीतिज्ञ, विद्वान र प्रतिष्ठित व्यक्तिहरूको उपस्थिती रहेको थियो। साथै 'द डिप्लोम्याट नेपाल' म्यागेजिनका प्रकाशक बिमल ढकाल र दिल्लीस्थित नेपाली दूतावासका उपप्रमुख सुरेन्द्र थापा पनि उपस्थित थिए ।

## श्रम संसार अब डिजिटलक्रेसीको अवधारणामा : श्रम सचिव डा. पुष्कर

काठमाडौं । श्रम सचिव डा. कृष्णहरि पुष्करले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय डिजिटल युगलाई आत्मसात गर्दै डिजिटलक्रेसीको अवधारणामा मन्त्रालयले नयाँ डिजिटल पद्दतिहरु थप्दै लगिएको बताएका छन् । सोमबार मन्त्रालयमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै श्रम सचिव डा. पुष्करले समग्र श्रम चक्रलाई डिजिटलाइजेसन गर्न ब्लुप्रिन्टको प्रयोग गरी प्रणाली निर्माणको कार्यले थप गति लिने उल्लेख गरेका हुन् ।

कार्यक्रमको अध्यक्षता गरेका सचिव डा. पुस्करले स्वीस कन्ट्याक्टबाट श्रम संसार र रेमी परियोजनाबाट श्रम बजार सूचना प्रणालीको प्राविधिक दस्तावेजहरुको कार्यान्वयनबाट व्युरोक्रेसीलाई डिजिटलक्रेसीमा रुपान्तरण हुन लागेको जानकारी दिए। श्रमचक्रको समग्र प्रक्रियालाई डिजिटलाइजेसन ब्लुप्रिन्टले ध्यान दिएको उल्लेख गर्दै सचिव डा. पुष्करले प्राथमिकता साथ कार्यान्वयन गरिने प्रतिबद्धता जनाए। श्रम मन्त्री शरत सिंह भण्डारीले नवौं पञ्चवर्षिय योजना देखि सोचिएको डिजिटलाइजेसन र श्रम बजार सूचना प्रणालीले साकार रुप लिदै गरेकोमा सन्तुष्टी व्यक्त गरेका छन्। यस कार्यमा विकास साझेदार एस.डि.सि., स्वीस कन्ट्याक्ट र रेमी परियोजनाको योगदानको प्रशंसा गर्दै नागरिकलाई सेवा प्रवाह गर्न "मान्छे दोडिने नभइ प्रणाली दोडिनु पर्ने" पद्दतिको विकास हुन लागेको बताए। सिमित श्रोत र साधन हुँदा हुँदै पनि श्रम संसारको प्रयोगलाई व्यापकता दिइएको र अव उप्राप्त समग्र श्रम, रोजगार तथा सामाजिक सुरक्षा प्रणालीलाई प्रविधिमा हुने जानकारी दिए।

## दक्षिण....

समयमै यसबारे सोच्नुपर्छ । कहिले कहीँ राज्य आतङ्क पनि सिर्जना हुन्छ । व्यक्ति आतङ्क, राज्य आतङ्क, समूह आतङ्क विभिन्न हुन्छन् । राज्य आतङ्क पनि कहिले कहीँ हुँदो रहेछ । नागरिकमाथि राज्यले आतङ्कपूर्ण हमला, गतिविधि र व्यवहार गर्दछ । आफ्नै देशमा पनि भएका छन् ।'

त्यसैगरी, नेपाली कांग्रेसका नेता तथा पूर्वरक्षामन्त्री डा.मीनेन्द्र रिजालले दक्षिण एसियामा शान्ति र स्थिरताका लागि भारत-चीन सम्बन्ध मजबुत हुनु अपरिहार्य भएको बताएका छन् ।

उनले देशभित्रको राजनीतिक विषयलाई आतङ्कवादसँग जोडेर हेर्न नहुने बताउँदै माओवादीको सशस्त्र आन्दोलनलाई राजनीतिक विद्रोहको रूपमा व्याख्या गरे । उनले भारतमाथि हुने कुनै पनि आतङ्क वा सुरक्षा सम्बन्धी आक्रमणमा नेपालको भूमि प्रयोग नहुने स्पष्ट पार्दै भारतको लागि मात्र होइन, कुनै पनि मुलुकविरुद्ध नेपालको भूमि प्रयोग हुन नदिइने स्पष्ट पारे ।

भारत र नेपालको सम्बन्धलाई कुनै पनि मुलुकसँग दाँज्न नसकिने बताउँदै नेता रिमालले अन्य मुलुकहरूसँग पनि सम्बन्ध विस्तार गर्नुपर्नेमा जोड दिए । साथै उनले भारत-चीन सम्बन्धमा कटुता बढे नेपालका विकास निर्माणदेखि अन्य क्षेत्रमा असर पर्ने चेतावनी दिए ।

कार्यक्रममा अन्य वक्ताहरुले दक्षिण एसिया आतंकवादको हटस्पट बन्दै गएको र यस्तो समस्याको स्थायी समाधानका लागि क्षेत्रीय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रभावकारी समन्वय आवश्यक रहेको औंल्याइएका थिए ।

विचार गोष्ठीमा आफ्नो कार्यपत्र प्रस्तुत गर्दै वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीले आतंकवाद केवल सुरक्षा चुनौती मात्र नभई राजनीतिक, सामाजिक, आर्थिक र भूराजनीतिक आयामसँग जोडिएको जटिल समस्या भएको उल्लेख गरे ।

उनले अफगानिस्तान, पाकिस्तान, भारत, बङ्गलादेश, नेपाल, श्रीलङ्का, भुटान र माल्दिभ्स सम्मिलित दक्षिण एसिया क्रस-बोर्डर आतंकवाद, पृथकतावादी आन्दोलन, धार्मिक कट्टरपन्थ र राज्य प्रायोजित गतिविधिबाट प्रभावित भएको जिकिर गरे ।

त्रिपाठीले आतंकवादका कारण मानवीय क्षति, आर्थिक अवरोध, सामाजिक असन्तुलन र क्षेत्रीय अस्थिरता तीव्र भएको बताए ।

नेपाल-भारत विकास मञ्चका अध्यक्ष रामकिशोर सिंहको अध्यक्षमा भएको कार्यक्रम सञ्चालन निर्मला सुवेदीले गरेकी थिइन् ।

## जनता....

सामाजिक न्याय र अधिकारका लागि काम गर्न निर्देशन दिए । विकास, समानता र अधिकारका लागि लडाई सँगसँगै लड्नका लागि पार्टीलाई सङ्गठित बनाउनु पर्नेमा जोड दिँदै उनले भने 'वडा, टोल, बस्तीहरूमा सभा, बैठक गरी जागरूकता बढाउनु जरुरी छ ।'

कार्यक्रममा मधेश प्रदेश सभा सदस्य अनिरूद्ध प्रसाद यादवले राजगढ गाउँपालिकामा होनहार युवा लालु यादवलाई बिना कसुर प्रहरीले दमन गरी ज्यान मारेकोप्रति आक्रोश व्यक्त गर्दै दोषी प्रहरीलाई कडा कार्वाही गर्न माग गरे । कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य विकास तिवारी, शैलेन्द्र मोहन झा, अमरनाथ मण्डल, गीता यादव, राजबिराज नगरपालिकाकी कार्यवाहक मेयर ईसरत परविन, केन्द्रीय अनुशासन समिति सदस्य कैलाश यादव, सल्लाहकार समिति सदस्य श्यामदेव यादव, प्रदेश सदस्यद्वय युसुफ अली, किशोर कुमार यादव, निर्वाचन समिति संयोजक कृष्ण प्रसाद यादव लगायतले मन्तव्य व्यक्त गरे ।

उक्त अवसरमा नवनिर्वाचित जसपा सप्तरीका अध्यक्ष केदार यादवले पार्टी निर्माण तथा मजबुत बनाउन आफु कुनै कसर बाँकी नराख्ने प्रतिवद्धता व्यक्त गरे । कार्यक्रममा अवकाशप्राप्त इन्जिनियर योगेन्द्र प्रसाद यादवले जसपा नेपालमा प्रवेश गरेका छन् ।


# सम्पत्ति विवरण बुझाऔं

- सार्वजनिक पद धारण गरेको व्यक्तिले आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र सम्बन्धित निकायमा सम्पत्ति विवरण बुझाइसक्नुपर्छ,
- राजीनामा वा अनिवार्य अवकाश भई सेवा निवृत हुनेले समेत सेवा निवृत हुने आ.व.सम्मको सम्पत्ति विवरण बुझाउनुपर्छ,
- प्रदेश वा स्थानीय तहमा रहेका सार्वजनिक पद धारण गर्ने व्यक्ति तथा कर्मचारीले आफू कार्यरत कार्यालयमार्फत् सम्बन्धित प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सम्पत्ति विवरण बुझाउनुपर्छ,
- करारमा कार्यरत कर्मचारीले कार्यरत निकायमै सम्पत्ति विवरण बुझाउनुपर्छ,
- सम्पत्ति विवरण बुझाउने दायित्व सम्बन्धित व्यक्तिको हो,
- समयमा सम्पत्ति विवरण नबुझाउनेलाई कानून बमोजिम जरिवाना हुन्छ ।

"त्यसैले समयमा सम्पत्ति विवरण बुझाऔं, सुशासनमा सहयोग गरौं ।"

नेपाल सरकार
विज्ञापन बोर्ड






पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, का. सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं